बौद्ध मासिक

# धर्म चक्षु



# DHARMA CHAKSHU

मूल्य रू. १५/-

धर्मचक्र प्रवर्तन दिवस तथा २२औं पोखरा उपत्यका व्यापी

**बुद्ध पूजाको उपलक्ष्यमा**

सबैको सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभकामना ।

उत्तममान बुद्धाचार्य

**एलिगेन्स ट्रेड, चिप्लेढुङ्गा, पोखरा**

---

साङ्गाधेन छोयखोरलिङ गुम्बाद्वारा आयोजित

धर्मचक्र प्रवर्तन दिवस तथा २२औं पोखरा उपत्यकाव्यापी बुद्ध पूजा पूर्ण रुपले सफल होस् ।

पुष्करमान बुद्धाचार्य

**बुद्धाचार्य गहना गृह, संगम चोक, पोखरा**

---

धर्मचक्र प्रवर्तन दिवस तथा २२औं पोखरा उपत्यका व्यापी

**बुद्ध पूजाको उपलक्ष्यमा**

सबैको सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभकामना ।

वेदमान गुभाजू

**कञ्चन आभूषण, मोहरियाटोल, पोखरा**

---

साङ्गाधेन छोयखोरलिङ गुम्बाद्वारा आयोजित

धर्मचक्र प्रवर्तन दिवस तथा २२औं पोखरा उपत्यकाव्यापी बुद्ध पूजा पूर्ण रुपले सफल होस् ।

वीर बहादुर गुरुङ, अध्यक्ष

**बौद्ध अर्घौ सदन, गौतम बुद्ध मार्ग, पोखरा-१०**

# धर्म चक्षु

THE DHARMA CHAKSHU

A Buddhist Monthly Pokhara, Nepal

वर्ष - ८, अंक ४, पूर्णांक - ४०

आषाढ-श्रावण - २०६२

ने.सं. ११२५ / June-July : 2005

धर्मशीला बुद्ध विहार,

धर्मशीला मार्ग, नदीपुर, पोखरा

**प्रकाशक/प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द,

०६१-५२०५१७

**प्रकाशक**

ज्ञानमाला संघ

धर्मशीला बुद्ध विहार, पोखरा

**व्यवस्थापक**

अनागारिका कर्मशिला

(संस्थापिका, धर्मशीला विद्वत वृत्ति)

**सह व्यवस्थापक**

युवा बौद्ध संघ

*(विकाशरत्न शाक्य, चेतन सिं ताङ्बे, बलराम लामा)*

**काठमाडौं प्रतिनिधि**

सविता धाख्वा

**सहयोगीहरू**

याम कुमारी गुरुङ, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

सम्पादक : तिलकमान गुभाजू

१४४ - नयाँ बजार, पोखरा - ८

०६१:- ५२०२४६


**सम्पादकीय**

## शान्तिको कार्यक्रम ल्याएर अघि बढ्नु पर्दछ

शाक्यमुनि भगवान बुद्धले आषाढ पूर्णिमाको दिनमा पहिलो पटक आफ्नो धर्म प्रचार गर्नु भएकाले त्यस दिनलाई धर्मचक्र प्रवर्तन दिवस भनेर मनाउने चलन छ। धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा पोखरामा उपत्यका व्यापी बुद्ध पूजा गर्ने चलन छ। यस दिन सबै बौद्धहरु एक ठाउँमा भेला भै उपत्यकाका विहार र गुम्वामा पूजा दर्शन गर्दछन्। २०४१ सालदेखि प्रारम्भ गरिएको यो कार्यक्रमको आयोजना प्रत्येक वर्ष पालै पालो एक एक गुम्बाले गर्ने गर्दछ। यस पटक पृथ्वीचोक स्थित साङगाधेन छोयखोरलिङ गुम्बाको आयोजनामा यो धार्मिक अनुष्ठान सम्पन्न हुन गैरहेको छ । हामी यो अनुष्ठानको पूर्ण सफलताको लागि मङ्गलमय कामना गर्दछौ।

हत्या, हिंसा र आतंक फैलिरहेको यस अवस्थामा शान्ति, मैत्री र अहिंसामा आधारित बुद्ध धर्मको महत्व अरु बढ्न गएको छ। बुद्धलाई सम्भनेहरुको संख्या बढ्दैछ। बुद्ध जन्मेको देशमा यस्तो नहुनु पर्ने भन्नेहरुको संख्या पनि बढ्दो छ। तैपनि इट्टाको जवाफ पत्थरले दिनु पर्दछ भन्नेहरु निकै छन्। उनीहरुको वर्चस्व र बाहुल्यताले गर्दा गोलाबारुद र बमको विस्फोट भैरहेको छ र दिनहू अकालमा मानिसहरु मृत्युको मुखमा धकेलिदैछन्।

आफैले आफ्ना दाजुभाईको हत्या गर्नु सभ्यताको निशानी होइन। त्यसरी वीभत्स हत्यागर्नु रगतको मूल्य नचिन्नु हो र मानिसले मानिसको अवमूल्यनगर्नु हो । एक न एक दिन उनीहरुले यो कुरा बुझ्ने छन्, गोलावारुद वोकेको हात थाक्ने छन् र हत्याहिंसा परित्याग गर्नेछन्। एक दिन उनीहरुले हत्याराको काम त्याग्नेछन्, यो निश्चय छ। तर त्यो दिनलाई हामीले सकेसम्म यता ल्याएर टुङ्ग्याउनु पर्दछ। त्यस कारणले बुद्ध शिक्षाको व्यापक प्रचार प्रसार गर्नु पर्दछ र त्यो लक्षित ठाउँमा अहिंसाको सन्देश पुऱ्याउन सक्नु पर्दछ। विशेषत यो बौद्धहरुको काम हो भन्ने हामीले सोच्नु पर्दछ। हाम्रो विचारमा बौद्धहरुले यसलाई आफ्नो दायित्वका रुपमा लिनु पर्दछ र यो दायित्वको निर्वाह निरन्तर रुपले गरिरहनु पर्दछ। देशको यस्तो दयनीय अवस्थामा हामीले आँखा चिम्ली रहनु हुँदैन, शान्तिका लागि केही न केही कार्यक्रम ल्याएर अघि बढ्नु पर्दछ।

# बुद्ध जीवनीमा आषाढ पूर्णिमा

धर्म सुन्दर बज्राचार्य

आज भन्दा २६०० वर्ष अघि कपिलवस्तु शाक्य गणराज्यमा गणपति शुद्धोदन महाराजा र महारानी महामायादेवीको प्रथम पुत्रको रुपमा सिद्धार्थ कुमारको जन्म लुम्बिनी बगैंचामा भएको थियो। सिद्धार्थ कुमारले जन्म, जरा, व्याधि, मरणबाट मुक्त हुन सक्ने ज्ञानको खोजी गर्न २९ वर्षको उमेरमा गृहत्याग गरी ६ वर्षसम्म दुष्कर चर्या गर्नुभयो। अन्तमा भवचक्रबाट मुक्त हुने कारणलाई साक्षात्कार गरी "बुद्ध" हुनुभयो।

गौतम बुद्धको जीवनी अध्ययन गर्दा उहाँका जीवनका प्रमुख घटनाहरुको संयोग पूर्णिमाको दिनमा परेको देखिन्छ। पालि साहित्यको अध्ययन गर्दा आषाढ पूर्णिमाको दिन गौतम बुद्धको जीवनमा प्रमुखतः ६ वटा घटनाहरु घटेको देखिन्छ। साथै गौतमबुद्धको महापरिनिर्वाण भएपछि प्रथमपल्ट धर्म र विनयको संगायन यहि पूर्णिमाको दिनमा नै भएको थियो। यसरी आषाढ पूर्णिमाको दिन बौद्ध धर्ममा सातवटा संयोग परेको देखिन्छ।

(१) **बोधिसत्वको गर्भ प्रवेश :**

इसाको ६०० वर्ष अघि कपिलवस्तु शाक्यहरुको गणराज्य थियो। उक्त शाक्य गणराज्यको गणपति राजा शुद्धोदन थिए। उनका दुई महारानी क्रमशः महामायादेवी र महाप्रजापति हुन्। त्यसबेला राज्यको प्रमुख आयस्रोत नै कृषि थियो। राज्यको राष्ट्रिय पर्वको रुपमा राजाद्वारा हलो जोत्ने परम्परालाई आज जनताहरुद्वारा उत्सवको रुपमा लिइन्थ्यो। यस पर्वलाई आषाढ उत्सव पनि भनिन्थ्यो।

शाक्य गणराज्य कपिलवस्तुमा आषाढ उत्सवको घोषणा भइसकेको थियो। सबै जनताहरु उत्सव मनाउन मै व्यस्त थिए। उत्सव मनाउने क्रम मै महारानी मायादेवी पनि आषाढ पूर्णिमाको दिन सुगन्धित जलबाट नुहाई, विभिन्न अलंकारयुक्त गर गहना लगाई, सन्तुलित भोजन गरी, उपोसथ व्रत लिएकी थिइन्। उक्त आषाढ पूर्णिमाको रात महारानी मायादेवीले एउटा अनौठो सपना देखिन्।

"...... बोधिसत्व सेतो हात्तीको रुप धारण गरी, आफ्नो सूँडमा सेतो कमलको फूलको माला लिई, महारानी मायादेवी सुति राखेको खातलाई तीन चक्कर लगाई दायाँ काखीबाट उत्तराषाढा नक्षत्रमा गर्भ प्रवेश गरे।"

भोलिपल्ट सबेरै आफूले देखेको सपना महाराजा शुद्धोदनलाई सुनाइन्। राजा शुद्धोदनले महारानीको सपनाको फलबारे शुभ अशुभ जान्नको लागि ६४ जना प्रमुख ज्योतिष ब्राम्हणहरुलाई बोलाई दानादि भोजन प्रदान गरी महारानीको स्वप्तफल बारे सोध्नु भयो। ज्योतिषहरुले स्वप्नफलबारे अध्ययन गरी राजा शुद्धोदनलाई महारानी गर्भवती भएको शुभ समाचार सुनाए। साथै गर्भमा रहेको बच्चा अवश्य छोरा नै हुन् र जन्म पश्चात उनी दरबारमा बसे भने चक्रवती राजा हुने र दरवार त्यागी परिब्राजक भएमा अवश्य 'बुद्ध' हुनेछन् भनेर भविष्यवाणी गरे।

यसरी बुद्ध हुने बोधिसत्व सिद्धार्थको आषाढ पूर्णिमाको दिन महामायादेवीको गर्भमा प्रवेश भएको कारणले पनि यो दिन महत्वपूर्ण भएको हो।

(२) **महाभिनिष्क्रमण (गृहत्याग)**

शाक्यकूलका प्रथमपुत्र राजकुमार सिद्धार्थलाई कुनै कुराको कत्ति महसुस नहुने गरी राजा शुद्धोदनले पालनपोषण गरेका थिए। राजकुमारलाई समयानुकूल अध्ययन अध्यापनको व्यवस्था राजदरबार भित्रै मिलाइएको थियो।

राजा शुद्धोदनलाई सदैव राजकुमार सिद्धार्थको नामाकरण गर्दा १०८ विज्ञहरु मध्ये सबभन्दा कान्छो ज्योतिष कोण्डन्यले "सिद्धार्थ कुमार पछि गृहत्यागी भई अवश्यमेव बुद्ध हुन्छन्" भनेर एक औंला मात्र उठाएको र अरु पहिले भने जस्तै गृहस्थी भए चक्रवर्ती राजा र गृहत्यागी भए बुद्ध हुनेछन् भनेका कुराले सताई राखेको थियो। राजा शुद्धोदनको राजकुमार

सधै दरबारमा बसि पछि चक्रवर्ती राजा होस् भन्ने इच्छा थियो । त्यहि कारणले गर्दा उनले राजकुमार लाई सधै दरबारभित्र रसरङ्गमा मात्र भुलाई बाहिरी संसारको बारेमा अनभिज्ञ राख्ने प्रयास गरी राखेका थिए ।

राजा शुद्धोदनले सिद्धार्थ कुमारलाई भौतिक संसारमा भुलाउन गरेको अथक प्रयासका बाबजुद पनि २९ वर्षको उमेरमा आषाढ पूर्णिमाको दिन परि वार, दरवार र कपिलवस्तु त्याग गरी परिव्राज भए । यसरी राजकुमार पद त्याग गरी साधारण परिव्राजकका रुपमा जीवनयापन गरेको कार्यलाई बुद्ध जीवनीमा "महाभिनिष्क्रमण" भनिएको छ ।

बुद्ध जीवनी अध्ययन गर्दा सिद्धार्थ कुमारले चारवटा निमित्त - बृद्ध, रोगी, मृतक र प्रवजितलाई देखेर महाभिनिष्क्रमण गरेको वर्णन पाइन्छ । यो तथ्यलाई प्राज्ञिक व्यक्तिहरुले मान्यता दिएको देखिदैन । यो तर्कको खण्डन सर्वप्रथम आचार्य धर्मानन्द कौशाबीले आफ्नो ग्रन्थ "भगवान बुद्ध जीवन और दर्शन" मा गरेका थिए । यहि कुरालाई समर्थन गर्दै भारतका संविधान निर्माता डा. भीमराव रामजी अम्बेडकरले पनि आफ्नो ग्रन्थ "भगवान बुद्ध और उनका धर्म" मा त्यतिबेला शाक्य गणराज्यमा रोहिणी नदीको पानी बाँडफाँड गर्ने विषयमा मतभेद हुँदा शाक्यसंघको निर्णय मुताविक सिद्धार्थकुमारले गृहत्याग गरेको हो भन्ने तर्क अगाडि सारिएको छ ।

(३) **धम्मचक्र प्रवर्तन**

सिद्धार्थ कुमारले गृहत्याग गरेको थाहा पाएपछि कपिलवस्तु राज्यबाट कौडन्य, वप्प, भद्दिय महानाम र अस्सजि नाम गरेका पाँच जना ब्राम्हणहरु पनि उहाँ संगसँगै हिंडेका थिए । पछि यी पाँच जना ब्राम्हणहरु बौद्ध साहित्यमा "पञ्चवर्गीय भिक्षु" को नामले प्रख्यात भए ।

सिद्धार्थले परिव्राजक भएर त्यतिवेला नाम चलेका गुरुहरु आलार-कालमा, उद्दक रामपुत्र लगायत धेरै ऋषि महर्षिहरु कहाँ गई अध्ययन गर्नु भयो । उनीहरुवाट पनि जन्म, जरा, व्याधि मरणवाट मुक्त हुने ज्ञान सिद्धार्थले पाउन सकेनन् । अनि सिद्धार्थले आहार ग्रहण गर्न छोडि "दुस्कर चर्या" गर्नुभयो । यसरी आहार ग्रहण नगर्दा सिद्धार्थले शरीरमा पाँचवटा शक्ति - आयु, वर्ण सुख, बल, प्रज्ञाको कमि भएको महसुस गर्नुभयो । यो बाटो पनि बुद्धत्व प्राप्त गर्ने मार्ग होइन भन्ने विचार लिई पुनः आहार ग्रहण गर्नुभयो । सिद्धार्थले आहार ग्रहण गरेको कारणले गर्दा सिद्धार्थ तप भ्रष्ट भए भनेर पाँच जना ब्राम्हणहरुले उनलाई छोडेर गए । सिद्धार्थले बुद्धत्व प्राप्त गर्ने मार्ग आफू सानो छदा आषाढ उत्सवको दिन जामुनको रुखमुनी ध्यान बसेको सम्झी, त्यहि मार्ग नै हुनु पर्छ भन्ने निर्णय गर्नुभयो । सुजाता नामकी महिलाले प्रदान गरेको भोजन ग्रहण गरी, बुद्धत्व प्राप्त नभएसम्म ध्यानबाट नउठ्ने अधिस्थान गरी वैशाख पूर्णिमाको दिन बुद्धत्व प्राप्त गर्नुभयो ।

सिद्धार्थ बुद्धत्व प्राप्त गरेपछि बुद्ध कहलाउनु भयो । बुद्धले आफूले प्राप्त गरेको ज्ञान कसलाई देशना गरुँ, साथै देशना गरेको धर्मलाई अरुले सहजरुपमा बुझ्न सक्छन् कि सक्दैनन् भनेर विचार गर्नुभयो । यो ज्ञानलाई बुझ्न सक्ने योग्यता आफ्नो गुरु आलार कालाम र उद्दक रामपुत्रसँग भएको विचार गरी उनीहरु कहाँ छन् भनि ध्यान दृष्टिले हेर्दा आलार-कालाम सात दिन अगाडि र उद्दक-राजपुत्र अघिल्लो रातिमात्र दिवंगत भएको थाहा पाउनु भयो । त्यसपछि आफ्नो ६ वर्ष सम्मको परिव्राजक जीवनका सहपाठी पञ्चवर्गीय ब्राम्हणहरुलाई सम्झनु भयो र उनीहरु वाराणसीको ऋषिपतन मृगदायनमा रहेको थाहा पाई गौतम बुद्ध उक्त स्थानका लागि प्रस्थान गर्नु भयो । आषाढपूर्णिमाको दिनमा तथागतले पञ्चवर्गीय भिक्षुहरुलाई आफूले प्राप्त गरेको ज्ञान सर्वप्रथम देशना गर्नुभयो । यसलाई "धम्मचक्र प्रवर्तन" भनिन्छ ।

(४) **यमा-प्रातिहार्य**

गौतम बुद्धले आफ्नो छैठौं वर्षावास मंकुल पर्वत, राजगृहमा वस्नु भएको थियो । उस समय राजगृहका महाजनले चन्दनको पिण्डपात्र वनाई अग्लो बाँसको टुप्पोमा राखेको थियो । यसलाई अर्हत, ऋद्धिवान श्रमण

ब्राम्हणहरुलाई आफ्नो ऋद्धिवलबाट झिकेर लानको लागि अनुरोध गरेका थिए। सोहि चन्दनको पात्रलाई आयुष्मान पिंडोल भारद्वाजले आफ्नो ऋद्धिवलवाट उडेर गई त्यो पात्र लिई राजगृह नगरलाई तीनपल्ट घुमेर महाजनको अनुरोध अनुसार उनको घरमा झरेका थिए।

यसरी एउटा साधारण पात्रको तिम्ति पिंडोल भारद्वाजले साधारण जनसमूह सामु ऋद्धिवल देखाएको कुरा गौतम बुद्धले थाहा पाई सबै भिक्षुहरुलाई एकत्रित पारी सो चन्दनको पात्र टुक्रा टुक्रा गर्न लगाए। सो कार्यलाई धित्कारी, अब उपान्त भिक्षुसंघमा गृहस्थीहरुलाई प्रभावित गरी बसमा राख्न ऋद्धि प्रातिहार्य देखाउन प्रतिवन्धित शिक्षापद बनाउनु भयो।

जब गौतम बुद्धले भिक्षु संघमा ऋद्धि प्रातिहार्य देखाउन बन्देज गर्ने बिनय बताउनु भयो। उहाँ र उहाँको धर्मलाई बिरोध गर्ने तिर्थाङ्करहरुबाट गौतमबुद्धसँग प्रातिहार्य देखाउने चुनौती दिए। तिर्थाङ्करहरुले गौतमबुद्ध र भिक्षुसंघबारे साधारण जनसमूह माझ प्रचार गरेको मिथ्या दृष्टि निराकरण गर्ने र भिक्षु संघ समक्ष आएको चुनौतीलाई स्वीकार गर्दै गौतमबुद्धले आषाढ पूर्णिमाको दिन प्रातिहार्य देखाउने घोषणा गर्नुभयो।

गौतम बुद्धले भोजन पश्चात सबै उपस्थित बन्धुजनहरुलाई त्यहि रुखको आँप खुवाई सकेपछि रत्नचक्रमण गर्नुभयो। अगाडि बाह्र योजन लामो र पछाडि बाह्र योजना, त्यस्तै दायाँ, बायाँ बाह्र योजन परिषदको बीचमा बसी भगवान बुद्धले यमक प्रातिहार्य देखाउनु भयो। मूल त्रिपिटकमा यमक प्रतिहार्यका वर्णन यसरी गरिएको छ।

यसरी तिर्थाङ्करहरुको अभिमानलाई नष्ट गर्न र संघ प्रति साधारण जनसमूहको मिथ्या दृष्टि हटाउन आषाढ पूर्णिमाको दिन भगवानबुद्धले श्रावस्ती नगरमा यमक प्रतिहार्य देखाउनु भएको थियो।

(५) **अभिधर्म देशना**

बुद्ध जीवनीमा उल्लेख भए अनुसार लुम्बिनी बगैंचामा सिद्धार्थ कुमारलाई जन्म दिई, सात दिनपछि महामाया देवीको मृत्यु भयो। त्यसपछि महामायादेवीले तुपिता भूवनमा जन्म लिनु भयो।

गौतम बुद्धले आफूलाई जन्म दिनु भएको आमालाई आफूले प्राप्त गरेको जन्म जरा, व्याधि मरणबाट मुक्त हुन सक्ने ज्ञान देशना गर्ने हेतुले आफ्नो सातौ वर्षावास त्रायस्त्रिंश-भूवनको पांडु कम्वल पर्वता बस्नु भयो।

आषाढ पूर्णिमाको दिन त्रायस्त्रिंश-भूवनमा तुषित देव विमानबाट आउनु भएका माता महामायादेवी लगायत दश हजार चक्रवाल देवाहरुको माझमा बसेर आफ्नो आमालाई कुशल धर्म, अकुशल धर्म, अन्याकृत (अ-कथित) धर्म ...... अभिधर्म-पिटक देशना गर्नुभयो। एवं रितले तीन महिनासम्म निरन्तर रुपले अभिधर्म-पिटकको देशना गर्नुभयो। तीन महिना सम्मको अभिधर्म-पिटक देशनावाट महामायादेवीले स्रोतापत्तिफल प्राप्त गर्नुभयो।

(६) **वर्षावास**

भगवान बुद्धले सारनाथको अषिपतनमा धम्मचक्र प्रवर्तन गर्नुभए देखि नै भिक्षुहरुलाई "चारख भिक्खु चारिकं बहुजन हिताय, बहुजन सुखाय ........." को सिद्धान्तलाई बहुजनको हित र सुखको लागि एक बाटोबाट एकजना भिक्षुमात्र जानु भनेर भन्नु भएको थियो। एवं रितले भिक्षुहरुले पनि बहुजनको हित र सुखको लागि गाउँ-गाउँ, नगर-नगर गई गौतमबुद्धले देशना गर्नुभएको धर्मलाई जनतासामु पुऱ्याउने कार्य गरि राखेका थिए।

बुद्धको समयमा जनताहरुको प्रमुख व्यवसाय नै कृषि थियो। वर्षायाममा पनि भिक्षुहरु एक ठाउँवाट अर्को ठाउँमा घुमक्कड भई रहादा बालि लगाएको खेत-खेतबाट नै हिड्नु पर्ने हुन्थ्यो। यस्ले गर्दा एकातिर बालि नोक्सान हुने र अर्कोतिर भिक्षुहरुलाई पनि साह्रै गाह्रो हुन्थ्यो। यसरी वर्षौदिनसम्म एक्लै एक्लै हिंड्दा भिक्षुहरु स्वेच्छाचारी पनि हुन सक्ने आदि कुरालाई ध्यानमा राखी गौतमबुद्धले भिक्षुसंघलाई आषढ पूर्णिमा देखि आश्विन पूर्णिमा (वर्षायाम तनि महिना) एकै ठाउँमा बस्नुपर्ने बिनय बनाउनु भयो। यसरी भिक्षुहरु एकै ठाउँमा तीन महिनासम्म बस्दा धर्मसाकच्छा, धर्म

अभ्यास र संघ सहबास, विपश्यना साधना आदि कार्य हुने भएकोले स्वयं भिक्षुहरुले पनि धर्मसँग साक्षात्कार भई मार्गफल प्राप्त गर्न सक्षम हुनु भए । आफूमा भएको क्लेशलाई क्षय गर्न सक्षम भए । आफ्नो मनमा रहेको प्रश्नलाई भिक्षु संघमा राखी समाधान गर्न सक्ने भए ।

यसरी भगवान बुद्धको जीवित अवस्था देखि निरन्तर रुपमा भिक्षुसंघमा वर्षावास बस्ने परम्परा अद्यापि सम्म चल्दै आएको छ ।

**(७) प्रथम संगायन**

गौतमबुद्ध ३५ वर्षमा बुद्धत्व प्राप्त गरी महापरिनिर्वाण हुनु केहि समय अघिसम्म धर्म देशना गरी ८० वर्षको उमेरमा कुशीनगरमा महापरिनिर्वाण हुनुभयो ।

भगवानबुद्धको दर्शन गर्न महाकाश्यप महास्थविर आफ्नो ५०० जना शिष्यहरुका साथ आइरहेको बेला पावा र कुशीनगरको बीचमा एक आजिवकले शास्ताको महापरिनिर्वाण भइसकेको खबर दिए ।यो खबर सुनी अवित-रागी भिक्षुहरु आफूलाई सम्हाल्न नसकी अनेक किसिमले विलाप गरे । तर सुभद्र नामका एक बृद्ध भिक्षुले विलाप गरिरहेका भिक्षुहरुलाई भने "राम्रै भयो, बेसै भयो, तिमीहरु किन रोएका ? हामीलाई यो गर्नु हुदैन, त्यो गर्न हुँदैन भनेर सधै भनी रहने भगवान बुद्ध अब यो संसारमा रहेन । हामी सबै भगवान बुद्धबाट मुक्त भयौं ।"

भगवान बुद्धको महापरिनिर्वाण हुनासाथ नै भिक्षुसंघमा सुभद्र जसो कृतघ्न भिक्षु देखा परेकोले शास्ताको अन्त्येष्टि कार्य सकिनासाथ महाकाश्यप महास्थविरले भिक्षुसंघमा धर्म र बिनयको संगायत गर्नुपर्ने आवश्यकता बारे सबैलाई जानकारी दिनुभयो ।

भिक्षु महाकाश्यप महास्थविरको बिचारको समर्थन गर्दै भगवान बुद्ध महापरिनिर्वाण भएको तीन महिनापछि आषाढ पूर्णिमाको दिन मगधका राजा अजातशत्रुको संरक्षणमा भिक्षु महाकाश्यम महास्थविर को अध्यक्षतामा पाँचसय अर्हत भिक्षुहरुको समागम राजगृहको सप्तपर्णि गुफामा भयो । ७ महिना लागेको यो संगायानमा भगवान बुद्धले ४५ वर्ष सम्म देशना गर्नुभएको सम्पूर्ण बुद्ध वचन-धर्मको उत्तर भिक्षु आनन्दले दिनु भएको थियो भने भिक्षुहरुको विनय सम्बन्धि सबै उत्तर भिक्षु उपालिले दिनुभएको थियो । बौद्ध इतिहासमा यो संगायनलाई "प्रथम संगायन" भनेर नामाकरण गरिएको छ ।

आषाढ पूर्णिमाको दिन भगवान बुद्धको जीवनमा घटेको ६ वटा संयोग र बुद्धको महापरिनिर्वाण पछि धर्म र विनयको संग्रह गरेको प्रथम संगायन पनि यहि दिनमा नै भएको देखिन्छ । यसै अनुसार बौद्ध जगतमा वैशाख पूर्णिमालाई जस्तै आषाढ पूर्णिमालाई पनि पवित्र दिनको रुपमा मनाउँदै आइरहेको पाइन्छ । अस्तु ।

"रक्तदान जीवन दान"

धार्मिक, सामाजिक र राष्ट्रिय पर्वहरुमा

रक्तदान गरी जीवन दान दिनुहोस् र पुण्य संचय गर्नुहोस् ।

नेपाल रेडक्रस सोसाईटी

रक्त सञ्चार केन्द्र, पोखरा ।

# देशको शान्ति-सुव्यवस्थामा बौद्ध दृष्टिकोण

भिक्षु संघरक्षित "सद्धम्म कोविद"

वर्तमान नेपालको परिस्थिति देख्दा जो कोही सच्चा नेपालीको मन धुरुधुरु रुने गर्दछ, यसमा कुनै शंका छैन । बुद्धको जन्मभूमिं नेपाल, विश्व शान्तिको मुहान नेपाल तर आज यी कुराहरु नारा र गर्भमै सीमित वनेको छ । मुलुक दिनप्रतिदिन हत्या-हिंसा र कोलाहलमा चुर्लुम्मिएको छ । के गर्ने अनि हामीले के गर्न सक्छौं यी कोलाहल अशान्तिवाट मुक्त निर्भय र शान्ति सुव्यवस्थाका लागि ? विचार पुऱ्याउन हतारै पो भइसकेको छ ।

बुद्धले हेतुवाद अर्थात् कार्यकारण सिद्धान्तको प्रतिपादन गर्नुभएको छ । यसको मतलब यहाँ जति पनि कार्यहरु सम्पन्न भइरहेका हुन्छन्, त्यसको कुनै न कुनै कारण अवश्यम्भावी हुन्छ । देशमा छाइरहेको अशान्ति, कोलाहल, हत्या-हिंसा आदिका कारणहरु पनि पक्कै छन् नै । जबसम्म हामी ती कारणहरुलाई यथार्थ तवरले जानेर त्यसको निर्मूल गर्न सक्तैनौं, तबसम्म अशान्ति, हिंसा हाम्रै वरपर मडारिरहेको हुनेछ । लाख कोशिसका बावजुद पनि हामी शान्तिको नारालाई साकार तुल्याउन नसक्ने हुन्छौं ।

देशमा शान्ति-सुव्यवस्थाका निम्ति केहीमात्र बौद्ध दृष्टिकोण यहाँ चर्चा गर्ने जमर्को गरिएको छ । सबैभन्दा पहिला त यहाँका ठुलाबडा र नेताहरुले बुद्धको जन्मभूमि र शान्ति क्षेत्र नेपाल भनेर गर्व गर्ने र नाक फुलाउने कार्य त गरि रहेका छन् तर विडम्बना उनीहरु त्यसको वास्तविक मर्मभन्दा सदैव टाढे रहे । बुद्धको थोरैमात्र उपदेश र ज्ञानको अनुशरण गर्ने हो भने पनि जीवनमा ठूलो परिवर्तन आउन सक्छ, देशको शान्ति सुव्यवस्थामा उल्लेखनीय रुपले सुधार आउनसक्छ । यस कुरामा भने अविलम्व चिन्तन गर्नुपर्ने देखिन्छ ।

भगवान् बुद्ध आफ्नो समयका महामानव, महापुरुष, युगपुरुष हुनुहुन्थ्यो । उहाँले आफू राजकुमार भएर पनि, भविष्यका सुनिश्चित राजा भएर पनि, अझ भविष्यवाणी अनुरुप चक्रवर्ति राजा वन्ने भएता पनि ती सवै राज्यश्रीसुख वैभव त्यागेर गृहत्यागी चीवरधारी हुनुभई वोधिज्ञान प्राप्त गर्नुभएको थियो । तवमात्र उहाँ वुद्ध कहलाउनुभयो ।

वुद्ध भइसकेपछि, सम्पूर्ण प्रकारको दुःखलाई नाश गरेर विमुक्ति सुख प्राप्त गरिसकेपछि उहाँको जीवन सफल र सार्थक वनिसकेको थियो । तर, उहाँ त्यतिकैमा सन्तुष्ट भएर च्यसै चूप लागेर बस्नु भएन । लोकमा दुःख, पीडा र भवसंसारमा अलमलिरहेका हामीजस्ता प्राणीहरुलाई उहाँले करुणाको आँखाले हेर्नुभयो । अनि त्यस पछिको आजीवन (४५ वर्षसम्म) बहुजन हिताय बहुजन सुखायका निम्ति गाउँ-गाउँमा, शहर-शहरमा, देश-देशान्तरमा चारिका गर्नुभयो ।

उहाँले मानवमात्रको सुख र शान्तिको लागि मानवताको शिक्षा दिनुभएको छ । आफूमात्र हाँस्ने, आफूमात्र खाने, आफूमात्र जीवन जिउने स्वार्थभन्दा पर आफू पनि हाँस्ने अरुलाई पनि हँसाउने, आफू पनि आनन्दले बाँच्ने अरुलाई पनि बाँच्न दिने उपदेश ुद्धले दिनु हुन्छ । जसरी आफूलाई दुःख मनपर्दैन, सुख र शान्ति मनपर्छ, त्यसरी नै सबैको मनोभाव पनि त्यही अनुरुप हुन्छ भन्ने जानेर कसैलाई दुःख नदिनु, कसैको सुख-शान्तिमा आघात नपुऱ्याउनु भन्ने जस्ता सन्देश बुद्धको उपदेश हो । मानवतामा जिउनु समुच्चा देशको शान्ति सुव्यवस्थाको कारण बन्नसक्छ ।

भगवान् बुद्धले अरुको राम्रो-नराम्रो केलाउँदै जानुभन्दा बरु आफूले आफूलाई हेर्नु र आफैंलाई चिन्ने उपदेश दिनुहुन्छ । अरुको हित र कल्याण गर्नु राम्रो हो तर त्यो गर्न सकेन भने कमसेकम पनि आफूद्वारा कसैलाई बाधा नपुऱ्याउनु पनि धर्म हो । यसर्थ हरपल होश राख्नु, राम्ररी विचार गरेर जान्नु बुद्धको उपदेश हो । त्यसैले, आफ्नो शरीरद्वारा कसैलाई आघात पुगिरहेको छ कि ? आफ्नो वोलिवचनले पो कसैलाई दुःख पुगिरहेको छ कि ? आफ्नो कल्पना र विचारले पो कसैको जीवनमा वाधा पुगिरहेको छ कि ? यी कुरालाई राम्ररी जानेर कसैलाई विघ्न-वाधा नपुऱ्याई निर्दोषी जीवन जिउनु पनि समुच्चा देशको

शान्ति सुव्यवस्थाको माध्यम हुनजान्छ ।

दैनिक जीवन सुख र शान्तियुक्त बनाउन भगवान् बुद्धले मानवमात्रलाई पञ्चशीलको उपदेश दिनुभएको छ । एउटा गाउँमा थुप्रै मानिसहरुलाई भगवान् बुद्धले दिनुभएको उपदेशअनुसार पञ्चशील एउटा त्यस्तो माध्यम हो, जसको सहयोगले घर-परिवारमा बसेर पनि सुखले शान्तिपूर्वक जीवन बिताउन सकिन्छ, न कि सुख-शान्तिको लागि बुद्धकै पछि पछि लागेर भिक्षु तथा भिक्षुणी नै बनिरहनु पर्छ ।

पाँचवटा राम्रा शीलहरुले सम्पन्न भएको उहाँको उपदेशलाई पञ्चशील भनिन्छ । यसमा रहेको राम्रो पाँचवटा शील हुन् -

(१) पाणातिपाता अर्थात् दुःख नदिनु, हिंसा नगर्नु ,

(२) अदिन्नादाना अर्थात् चोरी नगर्नु, नसोधी नलिनु ,

(३) कामेसुमिच्छाचारा अर्थात् काममिथ्याचार नगर्नु , व्यभिचार नगर्नु ,

(४) मुसावादा अर्थात् असत्य कुरा नबोल्नु , झुठो नबोल्नु र

(५) सुरामेरयमज्जपमादट्ठाना अर्थात् सुरापान मद्यपान सेवन नगर्नु , अम्मल नशालु पदार्थ ग्रहण नगर्नु ।

अब हेर्नुस् , हाम्रो देशका आधाभन्दा बढी जनसंख्याले त यो पञ्चशील सुन्न पनि पाइरहेका छैनन् । जसले सुन्ने मौका पाइरहेका छन् , उनीहरुले राम्रोसँग बुझ्न पाएका छैनन् । अनि बुझ्नेहरुले पनि बेवास्ता जनाएर अथवा भौतिक सुख-सुविधाको पछि लागेर लत्याइरहेका छन् । भन्नुपर्दा कतिले नै यो पञ्चशीललाई राम्ररी पालन गरिरहेका होलान् ? यदि यी पाँचवटा शीललाई पनि राम्ररी पालन गर्न सकेको छैन भने ती मानिसहरुको व्यवहार राम्रो होला भनी कसरी कल्पना गर्ने ? अनि त्यस्ता मानिसहरुले भरिएको देशको अवस्था होला ? अनि त्यस्तो देशमा शान्ति-सुव्यवस्था कसरी होला ?

देशमा शान्ति सुव्यवस्था कायम हुन जनताहरुमा जागरण ल्याउनुपर्‍यो, चेतना अभिवृद्धि हुनुपर्‍यो । सबैमा सद्बुद्धि चाहियो । सदविचार चाहियो । सद्आचरण चाहियो । परस्पर मैत्री करुणा चाहियो । एक अर्काको भावनालाई बुझ्ने क्षमता चाहियो । आफ्नो स्वार्थको निम्ति होइन, बहुजन हिताय बहुजन सुखायका निम्ति बाच्ने अभ्यास चाहियो । अनि देशमा क्रमशः शान्ति सुव्यवस्था हुँदै जाने हो कि ।

महामानव भगवान बुद्धको उपदेश रहेको छ - सब्ब पापस्स अकरणं अर्थात् कुनै पनि प्रकारको पापकार्य नगर्नु , कुसलस्स उपसम्पदा अर्थात् राम्रो पुण्यकर्म गर्दै जानु , सचित्त परियोदपनं अर्थात् आफ्नो चित्तलाई परिशुद्ध तुल्याउनु । भन्नुपर्दा, यही दुःखमुक्तिको मार्ग हो, शान्तिको माध्यम हो अनि जीवन सफल सार्थक तुल्याउने मूल कडी हो ।

धर्मचक्र प्रवर्तन दिवस तथा २२औं पोखरा उपत्यका व्यापी

**बुद्ध पूजाको उपलक्ष्यमा**

सबैको सुख, शान्ति र समृद्धिको लागी हार्दिक शुभकामना ।



**रत्नश्री जीम**

**फिजिकल फिटनेस क्लब**

तेर्सापट्टि, पोखरा, फोन : ५२२३१८

अन्तर्राष्ट्रिय स्तरको साधन र विविध सुविधा



# बुद्ध धर्म र विज्ञान

डा. गणेश माली

बास्तवमा जबदेखि मान्छेले आफ्नो चारैतिर र आफ्नै शरीर, मन, जन्म, मृत्यु, जरा, व्याधि, प्राकृतिक शक्तिहरु इत्यादिलाई देखेर के, किन, कसरी भनी प्रश्न गरे र उत्तर पनि जान्न चाहे तब देखि नै विज्ञान शुरु भएको हो। तथापि यी सबैको बारेमा र प्रकृति सम्वन्धि अरु कैयन् विषयमा वैज्ञानिकहरुको अथक प्रयत्नद्वारा हामीलाई वैज्ञानिक ज्ञान प्राप्त भएको करीव ३/४ सय वर्ष जति मात्रै भयो होला। तर त्यति सानो अवधि भित्र पनि दिन दुगुना र रात चौगुना गरी विज्ञानले जुन प्रगति गरे, त्यसले हाम्रो संसारलाई नै वदली दिएको छ।

विज्ञान सत्यको उपासक हो, र विश्व तथा प्रकृति भित्रको यथार्थ वास्तविक सत्य वा तथ्यताको नर्जीक पुग्ने प्रयत्न विज्ञान गर्दछ। यसको निमित्त तलका केही कुराहरु अत्यावश्यक हुन्छन् -

(१) (क) वैज्ञानिक अभिवृत्तिहरु (Scientific attitude) जस्तै वस्तुपरकलाई निस्पक्ष सोच्ने।

(ख) निरीक्षण, परीक्षण र प्रयोगद्वारा खारिएको ज्ञानलाई मात्र ग्रहण गर्ने, खुला दिल र दिमाग (Open Mindedness) राखी कोई पवित्र अक्षर मा लेखिएको छ, वा ठूला वडाले भनेको छ भनेर होइन, कसैको हा हा मा नलागी स्वयं आफ्नै निरीक्षण, परीक्षण र प्रयोग तथा अनुभवबाट खारिएको ज्ञानलाई मात्र ग्रहण गर्ने।

(ग) इमान्दारी पूर्वक, पूर्वाग्रह रहित भई यथार्थ कुरालाई ग्रहण गर्ने।

(घ) विश्लेषणात्मक तार्किक सोचन प्रवृति (Critical Thinking) लाई प्रयोग गर्ने।

(ङ) सानोतिनो भिना मसिना कुराको आधारमा एकै पटक निष्कर्षमा नपुग्ने (Suspended Judgment)।

(२) कुनै पनि प्रश्नको समाधान गर्न वा समस्याको हल निकाल्न वैज्ञानिकले प्रयोग गर्ने विधिलाई वैज्ञानिक विधि (Scientific Method) भनिन्छ, जुन यस प्रकार छ :

(क) समस्याको ठीक निरुपण गर्नु। जस्तै : यी सारा दुःखहरु जुन हुन् यसबाट कसरी छुटकारा मिल्न सक्छ ?

(ख) समस्याको निरुपण पछि सस्यालाई विश्लेषणात्मक ढंगले क्रमशः अध्ययन गर्नु :

(ग) कारण-कार्य पद्दति (Cause and effect relationship) अनुसार दुःखको कारण के हो ? के भएमा दुःख हुन्छ ? यसबारे अध्ययन गर्नु।

(घ) कारण-कार्य पद्धति अनुसार, जुन कारणले दुःख उत्पन्न हुन्छ सो कारण नरहेमा दुःख उत्पन्न हुँदैन भनी वोध गर्नु।

(ङ) के गरेमा सो कारण उत्पन्न हुँदैन, सो उपायको खोजी गर्नु र तदनुसार प्रयोग गरेर हेर्नु।

विज्ञान जस्तै बुद्ध धर्म पनि हेतुवाद वा कारण कार्य पद्धतिमा आधारित धर्म हो। त्यसो भएको हुनाले त्यसवेलाको जमाना अनुसार यस विश्वको प्रकृयावारे र मानव देह तथा मानसिक प्रकृयाहरु वारे वुद्धले जुन अध्ययन गरे, ती सवैमा वैज्ञानिक अभिवृत्तिहरु युक्त भई, कुशल वैज्ञानिकले जस्तै, वैज्ञानिक पद्धति अपनाई यथार्थ सत्य (धर्म) पत्ता लगाएको दावी बुद्धले गर्नु भएको छ। जस्तै वैज्ञानिकहरुले आफूले पत्ता लगाएको ज्ञान र विधिहरुलाई छर्लङ्ग गरी सवै सामु राख्न सक्छन् र भन्न सक्छन् - आऊ, हेर, आफै गरेर हेर र थाहा पाऊ यस वारे सत्य के छ भनेर। बुद्धले भनि आफूले पत्ता लगाएका सत्यहरुलाई यसै गरी राखी दिएका छन्।

विश्वमा चारैतिर सत्यताहरु छन्। ती सत्यताहरु सवैको निम्ती खुला छन् स्वयं हाम्रै शीर र मनमा पनि सत्यताहरु छन्। तर खुला दिल र दिमागले यी सत्यताहरु ग्रहण गर्न सक्छन्, किन्तु जन्मेदेखि जुन संस्कारहरुले हाम्रो दिमाग भरिएको छ, त्यसलाई हामी खाली गर्न सजिलै सित सक्दैनौं। समाजवाट वा कतैवाट

घुसी सकेका हामीमा भएको दृष्टिलाई मिथ्यादृष्टि भनी भगवान बुद्ध भन्नुहुन्छ । हामीले ठीक सत्य बुझ्ने दृष्टि प्राप्त गर्न सक्छौं । यस्को निम्ति भगवान बुद्धले आठ अंगले युक्त वाटो (अष्टांगिक मार्ग) देखाउनु भएको छ, जसमा गएर हामीले क्रमश: सम्यक् दृष्टि (सत्य) प्राप्त गर्न सक्छौं र संस्कारहरुद्वारा आर्जित भ्रमणलाई हटाउन सक्छौं । जस्तै वैज्ञानिकहरुले यथार्थ ज्ञान दिन हामीलाई प्रयोगहरु देखाई, तर्कहरु दिएर सत्य कुराको वोध गराउँछ त्यसरी नै भगवान बुद्धले पनि हाम्रो मन भित्रका संस्कारहरु थाहा पाई त्यस्मा रहेका भ्रमहरु आफैले महसूस गरी हटाउँदै जानलाई समाहित चित्तले अवलोकन गर्दै जाने विपश्यना ध्यान भावनाको वाटो खोली दिनु भएको छ ।

वैज्ञानिकहरुको खोज अनुसार विश्व एक निरन्तर वही रहने प्रकृया हो जुन कारण कार्य पद्धति अनुसार भूतवाट वर्तमान भई भविष्यतिर जाँदैछ । न यस्को आदि छ न अन्त । प्रत्येक पलमा परिवर्तन छ । यहाँ न केही आफू भन्ने छ न आफ्नो । अझ सूक्ष्म दृष्टिले हेर्ने हो भने परमाणविक कण र तरंगहरुको हलचल जुन प्राकृतिक नियमानुसार हुन्छ र जसलाई थाहा पाउन वैज्ञानिकहरु प्रयत्न गर्छन्, त्यो वाहेक अरु यहाँ केही पनि छैन । प्रज्ञा पारमितामा उल्लेख गरिए जस्तै यहाँ घटनाहरुको लहर छ । घटनाक्रमहरुको अनन्त लहर छ अझ सबै शुन्य प्राय: छ, कोही घोडा चढेर गईरहेछ तर न त्यहाँ 'घोडा' छ न 'घोड चढी' केवल कृयामात्र छ, महा अनित्यता र महा शून्यता करीव करीव पर्यायवाची शब्दहरु छन् । अनात्मता यसका लक्षण हुन् । विज्ञानले जस्तै वुद्धधर्मका यी कुराहरु प्रष्ट उल्लेख गरेको पाइन्छ ।

वुद्ध धर्मका यी सवै वैज्ञानिकता भएर पनि त्यसमा अवैज्ञानिक तत्वहरुले पनि प्रशस्त स्थान पाएको छ । त्यस्को केही कारणहरु छन् :

वुद्धको पालामा विज्ञान शून्य प्राय: थियो । त्यसकारण त्यसवेला प्रचलनमा आएका कतिपय धारणाहरु जुन स्वयं वुद्धले पनि प्रयोग गर्न हुन्थ्यो त्यसमा अवैज्ञानिकता छन् । कुनै आश्चर्यको कुरा होइन । २५०० वर्ष अगाडिको कुरा त जान देऊँ करीव ५०० वर्ष अगाडि पनि हाम्रो शोच कति अवैज्ञानिक थियो । हामी भन्ठान्थ्यौं - सूर्यले पृथ्वीलाई घुमिरहेको छ, पृथ्वी चेप्टो छ र चारै तिर कुनै तरहले अडिएको छ । प्रजनन एक दैवी लीला थियो र प्राणी विभिन्न योनीहरुमा घुमिरहन्छन् । स्वर्ग छ नरक छ, त्यस्तै आकाश छ, पाताल छ, अनि भूत प्रेत दानव देव देवीहरु हुन्छन् इत्यादि । भगवान बुद्धको पालमा सामान्य जनधारणा स्वर्ग, नरक, विभिन्न लोकहरु भुतहरु, देवी देवताहरु छन् भन्ने थियो जुन आजको विज्ञानको दृष्टिकोणमा अवैज्ञानिक देखिन्छ । त्यतिखेर मानिसहरु प्रलय भई इतिहास दोहोरी रहनेमा विश्वास गर्दथे - बुद्ध अगाडि पनि बुद्धहरु थिए पछि पनि हुनेछन् । जव कि ऐतिहासिक गौतम बुद्ध एक जना वाहेक सो भन्दा अगाडि बुद्ध भएको तथ्य मानव सभ्यताको इतिहासले देखाउँदैन । न पछि हुन शक्ने सम्भावना नै छ ।

त्यस्तै त्यसताका महापुरुषको जीवनीलाई प्रभावकारी र लोक प्रिय वनाउन अनेक अलौकिक घटनाहरु जोडिन्थ्यो जुन भगवान बुद्धको जीवनीमा पनि जोडिएको त्रिपिटकमा उल्लेख छ । यो अलंकार र दैवी शक्तिहरु जोडिने काम महायान तथा बज्रयान तिर गएर अझ सशक्त रुपमा भएको पाइन्छ ।

अरु जे भए पनि बुद्धधर्म एक वैज्ञानिकता पूर्ण धर्म हो जस्को सारमा वैज्ञानिक अभिवृत्तिहरु, वैज्ञानिक पद्धति तथा यथार्थ सत्य वा तथ्यतालाई प्राप्त गर्न शील समाधि र प्रज्ञाको व्यवहारिक सभ्यताले भरिएको वाटो खुलेको छ ।

हुन त वुद्ध वा समकालीन परिव्राजकहरु जस्तै मवखली गोसाल, पूर्ण काश्यप, अजित केश काचल, प्रकुध कात्यायन, संजय वेलिट्ठ पुत्र - निगण्ठ नात पुत्र जस्ता स्वतन्त्र विचारक तपस्वीहरु नभएका होइनन् तर यी सवैमा पनि वैज्ञानिकताको दृष्टिकोणवाट हेर्ने हो भने विज्ञान जस्तै हेतुवादमा आधारित तथा वैज्ञानिक अभिवृत्ति युक्त भएको वुद्ध धर्ममा नै हामी अधिक मात्रामा पाउँछौं जस्को वारेमा हामी भन्न सक्छौं - आऊ र हेर चारै तिर सत्य छ, प्रयत्नगरी आफ्नै अनुभववाट थाहा पाऊ ।

# बुद्ध प्रतिको आस्था दक्षिण-पूर्व एशियामा

**घनश्याम राजकर्णिकार**

दक्षिण-पूर्वी एशियाका केही मुलुकहरुका भूमिहरुमा वेलावखत यात्रा गर्दा सँगालिएका केही सम्भनाहरुवाट त्यहाँ बुद्ध र बुद्ध धर्मको महत्व आज के कस्तो रहेछ भन्ने कुरा समेत छलङ्गिन्छ। भन् बुद्ध र बुद्ध धर्म विषयमा नै राम्ररी अध्ययन गर्ने गरी ती मुलुकहरुमा गएको भए अभ कतिका नौला र घतलाग्दा तथ्यहरु थाहा पाइन्थ्यो होला भन्ने मनमा नलागेको पनि होइन। तर 'आँ' गर्दा 'अलङ्कार' बुभ्नुपर्छ भने भौं मेरा ती सीमित सम्भनाहरुवाट पनि के निर्क्यौल निकाल्न सकिन्छ भने दक्षिण- पूर्वी एशियाका अधिकांश मुलुकमा बुद्ध र बुद्ध धर्मप्रति निकै राम्रो न्यानो आदरभाव रहेछ। अतः भ्रमण गरिएका ती ठाउँहरुमा नेपालीका विभूति, शान्तिका प्रतिपादक भगवान् बुद्धसम्बन्धी दक्षिण कोरिया, हङकङ, जापान र थाइल्याण्डमा मैले देखेका र सुनेका केही विवरणहरु खोतलखातल पारी हुन सम्म सम्भेर यहाँ प्रस्तुत गरेको छु।

**दक्षिण कोरियामा**

नेपाल अधिराज्य जस्तै धार्मिक सहष्णिुता भएको देश दक्षिण कोरियाको थोरै दिन मात्र भ्रमण गरेको भए तापनि त्यस देशका विभिन्न विषयमा संक्षिप्त रुपमा राम्ररी थाहा पाउने मौका मलाई मिलेको थियो। त्यहाँ विभिन्न ठाउँमा भगवान् बुद्धका विभिन्न आसनमा अवस्थित भव्य मूर्तिहरु देख्न पाएँ र थरी-थरीका बौद्ध मठ, मन्दिर, पैगोडाहरु छ्यासछ्यास्ती नै भएको कुरा त्यहाँको 'टुरिष्ट गाइड बूक' बाट थाहा पाएको थिएँ। केही दिन मात्र बस्ने भएको हुँदा, त्यस देशका विभिन्न ठाउँमा अवस्थित वौद्ध मठ-मन्दिर, पैगोडाहरुको पूरा मात्रामा अवलोकन गर्ने मौका पाइन। दृश्यावलोकनको सिलसिलामा भने एकदिन राजधानी सिओलको वाहिर माउण्ट सोग्रको फेदीमा अवस्थित राष्ट्रिय उद्यानको भ्रमण गर्न पुगें। त्यहाँ पुग्दा मलाई सानो वुद्धको निवासस्थानमा नै पुगेको भान भयो। त्यहाँ अवीस्थत संसार-प्रसिद्ध २७ मीटर अग्लो वृहत पत्थरले निर्मित भगवान बुद्धको प्रतिमा देख्ता संसारका समस्त प्राणीलाई आफ्नो दाहिने हातले आशीर्वाद दिंदै शान्तिको पाठ पढाइरहे जस्तो लाग्यो। त्यस विशाल मूर्तिको सामुन्ने देख्दा आफ्नै देशको राजधानीको काष्ठमण्डम मन्दिर र भक्तपुरस्थित पाँचतले 'न्यातपौ' मन्दिरको समन्वय गरी यो नयाँ मन्दिरको निर्माण गरिएको जस्तो महसूस भयो। यस किसिमको काष्ठ बौद्ध मन्दिर दक्षिण कोरियामा यही एउटा मात्र भएको र यसलाई पालसङजौन हल भनिने गरेको कुरा गाइडद्वारा थाहा पाएँ। यस मन्दिरभित्रको वैठक १६२ मिटर लामो र २३ मिटर उच्चोरहेछ। त्यहाँ बुद्ध जीवन-चरित्र सम्वन्धी ससाना ५०० वटा मूर्तिहरु रहेछन्। त्यस विशाल हलको अतिरिक्त त्यहाँ भएका अरु बौद्ध मठ, विहारका वाहिरैबाट विहंगम दृष्टि लिई अवलोकन गरें।

त्यस्तै एक दिनको कुरा हो, म एकजना पत्रकार मित्र श्री सि.आइ. चाङसँग सिओलका विभिन्न पार्क, पैगोडा, मन्दिर र पुराना दरवार-भवनहरु अवलोकन गर्न घुम्न गएको थिएँ। त्यस बेला ती मित्रसँग भएको वार्तालापद्वारा कोरियामा मुख्य गरी बौद्ध र कन्फुसियस, त्यसपछि क्रिश्चियन धर्मावलम्बीहरु भएको अवगत भयो। उनैबाट थाहा पाएँ, दक्षिण कोरियामा ४ हजार जति बौद्ध मन्दिरहरु, ८० लाख बौद्ध मार्गी र १७ हजार जति बौद्ध भिक्षु रहेछन्। नेपालमा जस्तै दक्षिण कोरियामा पनि वुद्धजयन्ती धुमधामसँग मनाइने गरेको तथा यो दिनमा राष्ट्रिय विदा हुंदोरहेछ भन्ने कुरा पनि थाहा भयो। भारतबाट वौद्ध धर्म प्रतिपादित भएको भन्ठान्ने उक्त मित्रलाई वुद्धको जन्म नेपालको पवित्र स्थल लुम्विनीमा भएको र उनी नेपालका राष्ट्रिय विभूति हुन भनेर विस्तृत जानकारी दिएपछि उनमा आश्चर्यको सीमा रहेन।

यो भयो मेरो दक्षिण कोरियाको यात्राको अवसर को कुरा।

**हङकङमा**

मेरो हङकङ यात्रामा मैले त्यहाँ अधिकांश समय घुमफिर गरेर मात्र विताएको थिएँ। पर्यटक दृष्टि लिएर त्यस स्थानको विभिन्न भागमा सफर गरे तापनि त्यहाँ बुद्ध र बुद्ध धर्म सम्बन्धी मैले निकै थोरै ज्ञान हासिल गरें भन्नु पर्छ। तैपनि त्यहाँ थाहा पाएँ - हङकङमा अधिकांश चीनिया जातिको बाहुल्य रहेछ र त्यसैले त्यहाँ चीनमा जस्ते मुख्यतया बौद्ध धर्म र टाओ धर्मको बोलवाला रहेछ। त्यहाँको आधुनिक समाजमा यो धर्मले केही परिवर्तित रुप लिएको देखिए तापनि बूढापाकाहरुले भने पहिले चीनमा चलेको रीतिरिवाज, विधि विधान अनुसार बौद्ध धर्मको अनुसरण गर्ने गरेका रहेछन्। हङकङको वान्चाइ भन्ने गाउँको एउटा पसलमा 'रैक' जस्तो ठाउँमा सानो पितले बुद्ध मूर्तिलाई सिंगारी धूप बत्ति बाली श्रद्धा व्यक्त गरी राखिएको देखेथें र सोध पूछ गर्दा त्यहाँको बौद्ध मार्गीहरु दिनको दुइपल्ट बुद्ध प्रार्थना गर्दा रहेछन् भन्ने कुरा थाहा पाएँ। हङकङको भिक्टोरिया प्रान्तमा प्रसिद्ध बौद्ध मन्दिर 'मान मो टेम्पल' र न्युटेरिटोरिजको साटिन भेलिमा दश हजार बुद्धमूर्ति हेर्न लायकको छ भनी सुनें। विशेष गरी न्यूटेरिटोरिज भन्ने इलाकामा बौद्ध मठ, गुम्बा, विहार आदि थोरै संख्यामा रहेछन् जहाँ बुद्ध र बुद्ध धर्म सम्बन्धी विशेष अध्ययन-अध्यापनसमेत हुन्छ भन्ने पनि सुनें। यहाँको 'सा टिन र सुएन वान' बौद्ध मठहरु निकै प्रसिद्ध छन् भन्ने पनि सुनियो। हङकङका विभिन्न अनकन्टार ठाउँहरुमा समेत बौद्ध गुम्बा, मठ आदि रहेछन् र लन्टाउ टापुको गोडपिङ जस्तो सुनसान ठाउँमा अवस्थित पौ-लोन विहार (गुम्बा) वाट विहान सूर्य उदाउँदा प्रस्फुटित हुने 'सुम्वर' लालित्य दृश्य हेर्न लायकको छ भन्ने पनि हङकङमा हुँदा थाहा पाएँ। त्यस्तै मकाउ टापुमा मे महीनातिर भगवान् बुद्ध लाई स्नान गराउने शुभ मुहूर्तमा (**Feast of the bathing of Lord Buddha**) भोज मनाउने परिपाटी भएको थाहा पाउँदा बुद्ध प्रति श्रद्धा गरी भोज मनाउने जाति नेपालका नेवार मात्र होइनन्। हङकङका चीनियाँ जाति पनि हुन् भन्ने जानेर मन आनन्दले विभोर भएको थियो।

**जापान**

अब जापाना मैले देखेका वुद्ध मूर्ति र वौद्ध धर्म विषयमा केही चर्चा गरौं। हुन त जापान जस्तो आधुनिकताको उच्च शिखरमा पुगिसकेको देशमा केही हप्ताको मात्र भ्रमण गर्नु आफैमा अपूर्ण छ भन्नुपर्छ। तैपनि यो देशको भ्रमण गर्दा संयोगवश बुद्ध र बुद्ध धर्म सम्बन्धी केही कुराहरु देख्न सुन्न पाउनु म जस्तो एउटा नेपालीको लागि ठूलो सन्तोष, उत्साह र गौरवको कुरा थियो।

टोकियोबाट सुपर-एक्सप्रेस ट्रेनद्वारा करीव तीन घण्टामा क्योटो शहरमा पुगी त्यहाँ बौद्ध मन्दिरको प्राचुर्य देख्दा मलाई मन्दिरै मन्दिरको शहर भनिने काठमाण्डौंमा नै डुलिरहेको जस्तो लाग्यो। यहाँ करीब १६०० ओटा बौद्ध मन्दिरहरु छन् भनेको सुन्दा नेपाली विभूति भगवान बुद्धको यहाँ राम्रो कदर भएको मैले सगर्व अनुभव गरें। क्योटोमा विभिन्न बौद्ध मठ, मन्दिर, विहार आदिको सरसर्ती भ्रमण गरेपछि मलाई निकै प्रभावित पारेको बौद्ध विहार मन्दिर हो। सिन्दूर रंगे हिआन मन्दिर, जसको वरिपरिको वगैंचामा पैयूं र आइरिस जातका फूलहरु ढकमक्क फुलेर प्रस्फुटित भएको सौन्दर्य साँच्चैनै विर्सनै नसकिने थियो।

क्योटो शहर घुम्न जाने ओकोही पर्यटकले पनि नारा शहरको पनि सेरोफेरो गरेकै हुंदो रहेछ। अतः म पनि क्योटो शहर पुग्दा त्यहाँवाट ४२ किलोमिटर दक्षिणतिर पर्ने नारा शहर पुगें। भनिन्छ जापानमा बौद्ध धर्मको प्रारम्भ हुंदा त्यो देशको राजधानी नारा (६१०-७८४) थियो र त्यसपछि मात्र क्योटोमा सरेको हो। जुनवेला नारा जापानको राजधानी थियो त्यसवेला तत्कालीन वादशाहहरुको बौद्ध धर्मप्रति अनुपम अनुराग थियो, फलस्वरुप त्यसवेला जापानमा बौद्ध धर्मको निकै ठूलो उन्नति भएको थियो। त्यसै वेलातिर नारामा संसारको सबैभन्दा ठूलो ढलौटको वुद्ध मूर्ति 'आइवानसु' को निर्माण भएको थियो। त्यसवेला

नारामा अहिलेको भन्दा धेरै संख्यामा बौद्ध मन्दिर, मठ, विहार आदि थिए र तीमध्ये कुनै पछि आगलागीमा परी नष्ट भए त कुनै भत्केर-बिग्रेर गएका रहेछन्।

सोचेर हेर्दा विश्वका अग्रिम मुलुकहरुमध्ये एक गनिएको तथा एशिया महाद्वीपमा सबभन्दा बढी समृद्ध सम्पन्न तथा समुन्नत भएको जापान जस्तो विकसित देशमा बौद्ध धर्मप्रति भएको सद्भावना देख्दा मैले स्तम्भित हुनुपरेका थियो। नेपाल बुद्ध भूमि हो जसले भगवान बुद्धलाई जन्म दियो। तर बुद्ध र उनको उपदेशलाई नेपालीले राम्ररी बुझ्न तथा मनन गर्न सकेको छैन कि भने जस्तो भावना नारा र क्योटोका बौद्ध मन्दिरहरु चाहारेर हेर्दा तथा जापानमा बौद्ध धर्मावलम्बीहरुको प्राचुर्य देख्दा मेरो मनमा आयो। त्यो देख्दा बुद्ध र उनका उपदेशलाई जान्ने-बुझ्ने तथा पालन गर्ने त जापानीहरु नै रहेछन् भन्ने पनि लाग्यो। भनिन्छ, करीव ६० प्रतिशत जापानीहरु बुद्धका आचारशास्त्र विधिलाई व्यवहारमा ल्याइरहेका छन्। निश्चय नै, जापान त्यो देश हो जहाँ बुद्ध धर्म जीवित छ र दिनौदिन विकसित हुँदैछ।

**थाइल्याण्डमा**

काठमाण्डौं-बैंकक हवाई सेवा चालु भएपछि थाइल्याण्ड हामी नेपालीको लागि भारतपछिको यात्रा गर्न सजिलो देशमात्र नभई एउटा व्यापारिक केन्द्र समेत हुन गएको छ। व्यापारिक दृष्टिले अधिकांश नेपाली त्यहा जाने गरेतापनि म भने पूरा पर्यटक भएर गएको थिएँ। त्यसैले मेरो थाइल्याण्ड-यात्रामा पर्यटक-दृष्टि हुनुमा कुनै अस्वाभाविकता थिएन। त्यहाँका विभिन्न पर्यटक-केन्द्रहरुमा अधिकांश बौद्ध मन्दिर, मठ विहार आदिको वाहुल्यता देख्दा तथा आफू पनि बौद्ध मार्गी भएकोले मनमा निकै गौरव अनुभव भइरहेको थियो।

थाइल्याण्डका विभिन्न बौद्ध मठ, मन्दिर, विहारको सेरोफेरो गर्ने क्रममा सर्वप्रथम म बैंककदेखि ५६ किलोमिटर टाढा अवस्थित नकोर्न पाथुमको ११५ मिटर अग्लो भव्य बौद्ध स्तूपमा पुगें। यसो परवाट हेर्दा हाम्रा पूजारीले वजाउने घण्टा चाप्टयाईराखेको जस्तो देखिने यो बौद्ध स्तूप ज्यादै मनोहर लाग्यो। यस ठाउँको विशेषता के रहेछ भने थाइल्याण्डमा सर्वप्रथम यहींवाट बौद्ध धर्मको शुरुवात भएको रहेछ। त्यसपछि चौधौंदेखि अठारौं शताब्दीसम्म थाइल्याण्डको राजधानी भएको अयोध्या भन्ने पुरानो शहरमा पुगें। त्यहाँ विभिन्न ठाउँमा भग्नावशेषको रुपमा रहेका विभिन्न बौद्ध मन्दिरहरुले अतीतका भव्यताहरु मूक भावले व्यक्त गरिरहेको जस्तो लाग्यो। त्यो शहर बैंककदेखि ६० माइल उत्तरतिर पर्दो रहेछ। त्यहाँ रहेको ढलौंटद्वारा निमित्त आँखा चिम्ली पलेटी मारेर बसिरहेको भगवान् बुद्धको विशाल एवं प्रसिद्ध मूर्तिले मेरो आँखा निरन्तर तानिरहेको थियो।

त्यसपछि बैंकक शहरको विभिन्न बौद्ध मठ, मन्दिर, विहारको परिक्रममा गर्ने चाँजोपाँजो मिलाउनमा म तल्लीन भएँ। सर्वप्रथम 'वात ट्रेमिट' नामक बौद्ध विहारमा पुगें। यस विहारभित्र एक ठाउँमा सुनैसुनले निर्मित विशाल बुद्ध मूर्ति देख्ता मैले जिभ्रो काटें। किनभने १० फीट अग्लो तथा साँढे-पाँच टन वजन भएको सुनै सुनले निर्मित त्यस्तो विशाल मूर्ति मैले जीवनमा कहिल्यै, कतै नदेखेको मात्र होइन कि यस किसिमको मूर्ति छ भनेर कहि-कतै पढेको वा सुनेको पनि थिइन। म आफैले आफैलाई प्रश्न गर्न पुगें - आजको चर्को भाउमा साँढे पाँच टन सुनको मूल्य कति पर्ला ? भगवान् बुद्धप्रति कस्तो अमूल्य श्रद्धा ! साँच्चै थाईहरुको विशाल हृदयको नमूना हो यो।

बैंकक्का विहारहरुमध्ये सबभन्दा ठूलो एवं विशाल विहार 'वातपो' मा पनि म एकदिन पुगें। त्यो बौद्ध विहार चारैतिर पर्खालले घेरिएको छ र त्यहाँ भित्र पस्ने आठओटा ढोकाहरु छन्। त्यस विहारको एक ठाउँमा ३९४ ओटा आसनवद्ध बुद्ध-मूर्तिहरु छन् र त्यहाँका विभिन्न भित्ताहरुमा बुद्धको सम्पूर्ण जीवनी विभिन्न रेखा-चित्रद्वारा अङ्कित गरिएका हेर्न लायकका छन्। फेरि यहींको एउटा ठूलो वैठक जस्तो कोठाभित्र एउटा विशाल, भीमकाय लम्पसार परी

लेटिरहेको बुद्ध मूर्ति देख्ता म स्तम्भित भएँ । निर्वाण प्राप्त गर्न लागेको अवस्था देखाउने यो बुद्ध मूर्तिको लम्बाई ४६ मिटर (१६०) फीट) र ऊचाई १५ मिटर (३९ फीट) रहेछ । आगन्तुक श्रद्धालु भक्तजनहरुले सुगन्धमय धूपहरु बालेर सुनौला टपकहरु त्यस मूर्तिको यत्रतत्र टाँस्तै नमस्कार गरेको देख्दा त्यो हाम्रो आफ्नै रीतिरिवाज जस्तो लाग्यो र मलाई आफ्नै देशको बौद्ध तीर्थस्थलभित्र घुमिरहेको अनुभव भयो ।

'बत बेञ्जमा वोफित' नामक सेतो इटालियन संगमरमरले बनेको ब्रौद्ध मठ पनि हेर्न लायकको छ । त्यहाँ जाँदा मठको विषयमा मेरो गाइडले वर्णन गरेको थाहा पाएँ - त्यो मन्दिरको निर्माण-प्रक्रिया थाई वास्तुकलामा आधारित भए तापनि त्यसलाई चाहिने सम्पूर्ण संगमरमर ढुङ्गा इटलीबाट ल्याइएका हुन् र त्यसलाई आवश्यक चीनीयाँ माटो चाहि चीनबाट ल्याइएको रहेछ । त्यहाँ रहेको ठूलो पुरानो धातुको बुद्ध मूर्तिलाई सन् १९०१ मा तत्कालीन राजा रामा प्रथमले सुनको पाताले मोडिदिएका रहेछन् । यो मन्दिर भित्रको दलानमा बुद्धका विभिन्न मुद्रा तथा आसनका ५१ ओटा धातुका यो मन्दिर केवल बौद्ध मठ मात्र नभएर एउटा नौलो बौद्ध संग्रहालय जस्तो पनि लाग्यो । थाइल्याण्डका अधिकांश मन्दिरहरुमा सर्पका मूर्तिहरुलाई कलात्मक ढङ्गले सजाइ राखेको पाइन्छ । यस्ता मन्दिरका छानाका टुप्पाहरुमा सर्पका पुच्छरहरु चोसो पारी राखिएको हुँदो रहेछ जुन कुरो यो 'वात वेञ्जमा वोपित' मा पनि राम्ररी प्रदर्शित भएको देखें । यस्तै 'वात फ्राकेओ' को सर्वश्रेष्ठ एमरल्ड बुद्ध, 'वात साकेत' को गोल्डेन माउण्ट आदि बौद्ध स्मारकहरु अविस्मरणीय मात्र होइन अतुलनीय तथा हाम्रो लागि अनुकरणीय समेत पाएँ ।

यसरी दक्षिण पूर्वी एशियाका केही देशहरुमा बुद्ध र बुद्ध धर्मप्रति भएको अतुलनीय आचार, व्यवहार श्रद्धा तथा बुद्ध मूर्तिहरुको विविधता देख्ता म औंधि प्रभावित भएको छु र अहिले बुद्ध भन्ने नामको स्मरण गर्नासाथ ती देशहरुमा देखेका बुद्धका विविध झाँकीहरु आँखाअगाडि त्यसै-त्यसै रुमलिन थाल्छन् र मनमा आदन्दाभूति प्रस्फुटित हुन्छ ।


साङगाधेन छोयखोरलिङ गुम्बाद्वारा आयोजित

**धर्मचक्र प्रवर्तन दिवस तथा**

**२२औं पोखरा उपत्यकाव्यापी बुद्ध पूजा**

पूर्ण रुपले सफल होस् ।



**होटल फेवा प्रिन्स प्रा.लि.**

कुँडहर, पोखरा

# भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी डुबानमा पर्छ कि पर्दैन !

बुद्धिनारायण श्रेष्ठ

(१) नेपालको मर्चवार क्षेत्रमा सटाएर भारतले बनाएको रसियावाल खुर्दलोटन बाँधका कारणले विश्व सम्पदा सूचीमा परेको हाम्रो देशको भगवान सिद्धार्थ गौतमको जन्मस्थल लुम्बिनी क्षेत्र डुबानमा पर्छ कि पर्दैन भन्ने चासो अहिले नेपाल समुदायमा मात्र होइन नेपाल प्रति चासो राख्ने विश्वका विभिन्न देशहरुमा पनि परेको छ ।

(२) यस जिज्ञासाको जवाफको निमित्त हाम्रो मर्चवार तथा लुम्बिनी क्षेत्रका प्राकृतिक धरातलीय अवस्था, स्थलरुपी विवरण तथा त्यस भेगको भूमिगत पानीको सतह, जलाधार क्षेत्र एवं मनसुन वर्षाको पानी वहने स्थितिको विवरण के कस्तो रहेको छ भन्ने तथ्यताको आधार लिनु पर्ने हुन्छ । यसबाहेक भौतिक रुपमा सीमावर्ती क्षेत्रमा गरिएका निर्माण (बाँध, तटबन्ध, सडक आदि) लाई पनि लिनु पर्छ । मर्चवार क्षेत्रको पूर्वमा घोङघी नदीले नेपाल भारत बीच १५ किलोमिटर सीमा रेखाको काम गरेको छ भने बीचभागबाट तिनाउ नदी मिसिएर दानव नदी बगी भारततर्फ लागेको छ। लुम्बिनी क्षेत्रभई तिलार नदी बग्दै कोठी नदीमा मिसिई भारततर्फ छिरेको छ । यसबाहेक सिद्धार्थनगर पूर्वबाट डण्डा नदी बगी भारतमा गएर घोङघी नदीमा मिसिन पुगेको छ ।

(३) यी सबै तथ्यताको विवरणहरु निम्न बमोजिम रहेको छ र यी विवरणहरुका आधारमा लुम्बिनी क्षेत्र डुब्छ या डुब्दैन भन्न सकिन्छ :

(क) हाम्रो मर्चवार क्षेत्रको सीमास्तम्भ नं. ३० भन्दा ३० मिटर परदेखि भारतले बाँध बनाउन सुरु गर्दै स्तम्भ नं. ३१ मा पुग्दा ५० मिटर र स्तम्भ नं. ३२ का समकक्षमा पुग्दा ५०० मिटरको दुरीमा पुऱ्याउँदै अब यहाँबाट उत्तर-पश्चिम तर्फ मोडेर दानव नदी (कोडा नदी) सम्म करिब ३ किलोमिटर लामो बाँध, ३ ठाउँमा ३ ढोके निकास (स्लाइड गेट राख्ने गरी) बनाएको छ ।

(ख) यस बाँधको पिंधमा रहेको जमिनको सतहको उचाइ समुद्रको सतहबाट ९० देखि ९१ मिटरसम रहेको छ । भारतले यसमा ६ मिटर अग्लो बाँध बनाउने योजना गरेको बुझिन्छ ।

(ग) बाँध निर्माण पूराभई पानीको निकास बन्द गरिएमा पानीको सतह ९६ देखि ९७ मिटर अग्लो भागसम्म पुग्दछ । पानीले यसको सतह आफै पहिल्याउँछ भन्ने प्रकृतिको सिद्धान्त अनुरुप पानीको निकास बन्द भएपछि यस क्षेत्रको ९६ तथा ९७ मिटर अग्लो भू-भागसम्म डुबानमा पर्न जान्छ ।

(४) अब मर्चवार र लुम्बिनी क्षेत्रको कुन कुन स्थानको कति उचाइ रहेको छ भन्ने विवरण तर्फ लागौं :

(क) भारतले बाँध बनाएको स्थानको उचाई ९० देखि ९१ मिटर त उल्लेख भइसक्यो । बाँधसँग सटेको सीमास्तम्भ नं. ३० नजिकको मुँडिला गाउँको उचाइ ९१ मिटर, स्तम्भ नं. ३१ नजिकको गुर्लीहा, स्तम्भ नं.

३२ को तेरेनी र यस भन्दा उत्तर पिप्रहवाको उचाई ९२ मिटर र दानव नदी पश्चिमको अलमा गाउँको उचाइं ९० मिटर रहेको छ ।

(ख) अव अझ उत्तर लुम्बिनी क्षेत्र तर्फ लाग्दा पौसिवा, अमा, नकरहवा, भगवानपुर, पडरियाको उचाई क्रमशः ९२, ९३, ९४, ९५ तथा ९६ मिटर रहेको छ ।

(ग) अब बाँध तथा दानव नदी भन्दा पूर्व तर्फको मर्चवार क्षेत्रको भू-भागको उचाई हेरौं, जसमा मधुबनिया, करौता र असुरैना, फरेना, रोइनिहवा, बेतकुइया र हर्दिया तथा नौवादिहवाको उचाईक्रमशः ९२, ९३, ९४, ९५, ९४, ९३ मिटर रहेको छ ।

(घ) तेलहिहवाको ठीक दक्षिणपट्टि मर्चवार लिफ्ट सिंचाई योजनाको Pump House रहेको छ । यसको उचाई ९५ मिटर रहेको छ र यो क्षेत्र डुब्योभने लुम्बिनी पनि डुवानमा पर्छ ।

(ङ) अब प्रो. टाङ्गेले तयार पारेको उत्तर -दक्षिण ४.८ किलोमिटर पूर्व-पश्चिम १६ कि.मि. भएको ७.८ वर्ग कि.मि. (१,१५० विगाहा) क्षेत्रफल ओगटेको लुम्बिनी गुरुयोजना स्थलभित्र पसौं । यसमा दक्षिण भाग Sacred Garden, उत्तरी खण्ड New Lumbini Village र वीचको भाग Monastic Zone को क्षेत्रफल क्रमशः ३२५, ३७५, ४५० विगाहा रहेको छ । दक्षिणी भागमा रहेको अशोक स्तम्भ, मायादेवी मन्दि ", UN Eternal Peace Flame आदि रहेको भू-भागको उचाई ९४.८ मिटर रहेको छ भने Monastic Zone मा रहेको विहार, स्तुप, पुस्तकालय, संग्रहालय, अनुसन्धान संस्था तथा अडिटोरियम भएको स्थानको उचाई ९५ मिटर रहेको छ । यस्तै भैर हवाबाट आएर लुम्बिनीभित्र पस्ने सडकदेखि उत्तर खण्डको उचाई ९६ मिटर देखि पर्सा ९८ तथा उत्तर पूर्वी कुनाको सेखुवा डाँडाको उचाई १०० मिटर रहेको छ ।

(५) अब यसवाट के दिखन आउँछ भने रसियावाल खुर्दलोटन वाँधको पानीको उचाई ९६ मिटर को सतहसम्म जम्न गयो भने अशोक स्तम्भ २ मिटर डुब्ने र मायादेवी मन्दिर, पवित्र पोखरी, शान्ति ज्वाला पानीको दहभित्र खोज्नु पर्ने हुन जान्छ । यस्तै प्राचीन लुम्बिनी वस्ति, ध्यान केन्द्र, पुस्तकालय, संग्रहालय, अडिटोरियम, विहार स्तुप आदिको भुईतला पोखरीमा परिणत हुन जान्छ । यसको मतलव प्रो. टाङ्गेको गुरुयोजना क्षेत्रको दुई तिहाई भाग अर्थात भैर हवाबाट आएको सडकभन्दा दक्षिणको भाग डुवानमा पर्न सक्छ ।

(६) लुम्बिनी क्षेत्रको उपरोक्त धरातलीय स्थलरुपी अवस्थावाहेक भूमिगत पानीको सतह Water Table, Catchment area, मनसुन वर्षाका Rain-off स्थिति हेर्दा त्यस क्षेत्रमा ५-७ फिट खन्दा पानीको सतह भेट्टाइन्छ, वर्षा हुँदा पानी सजिलैसँग वगेर नगई पानी जम्न जान्छ अर्थात परेको पानी सोस्ने वगाउने क्षमता कम छ र उत्तरवाट वगेर आएको पानी दक्षिण र पूर्वतर्फबाट भारततर्फ वहन्छ । यस्तो अवस्थामा नेपाल-भारत सिमानाको दक्षिण तथा पूर्वमा वाँध, तटवन्ध तथा सडक वनाई पानी छेकियो भने नेपालको लुम्बिनी क्षेत्रमात्र होइन यस

भन्दा १२ किलोमिटर उत्तर सूर्यपुरामा रहेको गैडवा ताल (१०६ मिटर उचाई) सम्मको भाग पनि डुवानमा पर्न सक्छ ।

(७) क्षेत्रफलको हिसाव गर्दा मर्तवार क्षेत्र १८९ वर्ग किलोमिटर र लुम्विनी क्षेत्रले (डण्डा नदीभन्दा पश्चिम र उत्तरमा गैंडवा तालसम्म) १३३ वर्ग कि.मि. क्षेत्र ओगटेको छ । यसैभित्र पर्ने प्रो.(टाङ्गको गुरुयोजनाको क्षेत्रफल ७.८ वर्ग कि.मि. रहेको र Lumbini Development Master Plan को क्षेत्रफल ६४.७ वर्ग कि.मि. रहेको छ ।

(८) लुम्विनी क्षेत्रबाट दक्षिण नेपाल-भारत सिमाना (ककर्वा) पुग्न ९ कि.मि. दूरी छ । तर Sky access distance केवल ७ कि.मि. मात्र पर्दछ। लुम्बिनीवाट पश्चिम कोठी नदी पुग्न ५.६ कि.मि. दूरी पर्छ ।

(९) भारतले रसियावाल खुर्दलोटन बाँधको सुरक्षार्थ नेपाल-भारत सिमानाको कन्हौलीमा भारतीय सेना Provincial Security Corp को चौकी राखेको छ, जसबाट आवत जावत गर्दा पूरा सोधपुछ गरिन्छ ।

(१०) भारतले अहिले करिव ३ कि.मि. बाँध बनाउँदा गत २०५८ भदौं १६-१७ गते परेको वर्षाले मर्चवार क्षेत्रको धानखेतमा ५ फिट पानी जमेको थियो। यसरी पानी जमेकोले लुम्बिनी क्षेत्र हुँदै वगेको तेलार नदीको नेपाल-भारत सीमा क्षेत्रमा रहेको पुल नदीले भत्काएको स्मरणीय छ । मर्चवार क्षेत्रको मालिगावा, थुमुवा, पिप्रहवा, असुरैना, बैतकुइया, रोइनिहवा, फरेना, सिलौटिया, बोगडी, सिपुवा, अमा, वमनी लगायतका ११ गा.वि.स.का धानखेत पूर्णरुपले डुवानमा परेको थियो ।

(११) भारतले हाल बनाएको रसियावाल खुर्द बाँधदेखि दक्षिण लोटनसम्म १२.५ कि.मि. L.R. Bund वनाउने तथा दानव नदी (कौडा नदी) किनारै किनारा भारतीय भूमिमा अर्को प्रस्तावित बाँध बनाउने योजना रहेको वुझिन्छ । यस्तै दानव नदीदेखि पश्चिम लुम्विनीवाट भारत सिमाना छुने सडक तथा कोठी नदीसम्म पनि टुक्रा-टुक्रामा करिव १८ कि.मि. तटवन्ध बनाउने कार्यक्रम रहेको वुझिन्छ। साथै सिमानाको सुनौलीवाट गोरखपुर जाने पक्की सडक बनिसकेकै छ। यस सडकबाट पश्चिम घोङघी नदी नजिकको तटवन्धसम्म छुने अस्थायी सडक पनि छ ।

(१२) यसरी नेपालको मर्चवार क्षेत्रलाई भारतले तीनतिरवाट बाँध, तटबन्ध, पक्की सडक, अस्थायी सडकले छेकी Ring Dam बनाएमा वर्षादको समयको नेपालको पानी दक्षिणतर्फ बग्न नपाई जलमग्न भएर अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रो देशको पहिचान राख्ने विश्व सम्पदा सूचीमा परेको पवित्र तिर्थस्थल भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनी क्षेत्र डुवानमा पर्न जाने देखिन्छ। समयमै उपचार पाएमा रोगको निदान हुन सक्छ भने जस्तै समय छँदै लुम्बिनी क्षेत्रको जोगाहटगर्ने कदम चालिएमा विश्व समुदाय समक्ष नेपालको राष्ट्रियता जगेर्ना गर्न सकिने थियो । यसमा सबै नेपालीहरुको उत्तिकै दिलचस्पी, परिश्रम, लगनशीलताको आवश्यकता परेको छ ।

(१३) **समाधानका उपायहरु :** बनेको बाँधमा पानीको निकास हुनेगरी Outlet खोल्ने, बाँध निर्माणको काम अरु अघि वढाउन नदिने, अरु तटवन्ध वनाउनमा पूर्ण रोक लगाउने, बाँध भत्काउने आदि । संसारका बौद्ध धर्मावलम्वीहरुको आस्थाको केन्द्र लुम्विनीलगायत मर्चवार क्षेत्र डुवानमा पार्ने उक्त बाँध अविलम्व भत्काउन समेत नेपालका बौद्ध धर्मावलम्वीहरुले भारत सरकारसमक्ष आग्रह गरेका छन् ।

# अनन्त चक्रवाल सम्बन्धी बौद्ध धारणा र आधुनिक विज्ञानको खोज

आर.बि. बन्ध
(पूर्व) मिनिस्टर इकोनोमिक

संयुक्त राज्य अमेरिकाको वासिंगटनबाट एशोसियटेड प्रेसद्वारा डिसेमवर १८, २००३ मा प्रेषित समाचारमा भनिएको थियो कि सन् २००३ मा गरिएको ब्रम्हाण्ड सम्बन्धी नयाँ वैज्ञानिक अध्ययनले ब्रम्हाण्डको उत्पत्ति विषयको महान् विष्फोटको सिद्धान्त (The Big Bank Theory) को पुरानो धारणालाई संशोधन गर्दै विँव ब्रम्हाण्डको उत्पत्ति करीव १३ अरब ७० करोड वर्ष अघि भएको नवीनतम अनुमान गरिएको छ। यस अघि ब्रम्हाण्डको उत्पत्ति १२ अरब वर्ष देखि १५ अरब वर्ष अघि भएको अनुमान वैज्ञानिकहरुले लगाउँदै आएका थिए। हामीहरुको सूर्य, पृथ्वी, चन्द्रमा सहितका ग्रहहरु मिली बनेको सौर्य मण्डलले परिक्रमा गरिरहेको मिल्की वे भनिने ज्योर्तिमण्डलको उत्पत्ति करीव १२ अरब वर्ष अघि भएको अनुमान वैज्ञानिकहरुको रहेको छ।

हव्वल अन्तरीक्ष दूरवीनले हालै चार महीना लगाएर ब्रम्हाण्डको १३ अरब प्रकाश वर्ष रहेका १० हजार ज्योर्तिमण्डलहरुको तस्वीर खिच्न सकेको कुरालाई अमेरिकी खगोल शास्त्रीहरुले प्रकाशमा ल्याएको समाचार ए. एफ.पी.ले अमेरिकाको वासिंगटनबाट गत मार्च १०, २००४ मा प्रसारित गरेर विँव ब्रम्हाण्डको उत्पत्ति काल सम्वन्धी आधुनिक मानवको ज्ञान अझै प्रारम्भिक चरणकै खोज र अनुसन्धानमा मात्र सीमित परिमित रहेको तथ्यलाई मात्र पुष्टि गरेको होइन कि सोही हव्वल अन्तरीक्ष दूरवीनले हालै डिसेम्वर २००४ मा केवल ५० करोड वर्ष मात्र पुरानो आई ज्वीकी १८ (I Zwicky 18) नामक सवभन्दा कान्छो ज्योर्तिमण्डललाई पत्ता लगाएको समाचार हालै प्रकाशित भएवाट आधुनिक वैज्ञानिकहरुद्वारा अनन्त चक्रवाल सम्वन्धी वैज्ञानिक अध्ययन, अनुसन्धान र खोज अझै जारी नै रहने तथ्य छर्लङ्ग भएको छ। आधुनिक वैज्ञानिकहरुका अनुसार विँव ब्रम्हाण्ड फैलिंदै गइरहेका छन्। अझ सम्म यस ब्रम्हाण्डमा कति ज्योर्तिमण्डलहरु छन् भन्ने बारेको यकिन आधिकारिक ज्ञान पनि विज्ञानले प्राप्त गर्न सकेको देखिन्न।

बुद्ध धर्मानुसार (हेर्नोस् सयुंक्त निकाय, निदान वर्ग, परिच्छेद ३ अनमतग्ग सयुंक्त वर्ग, प्रथम वर्ग, पुग्गल सुत्त) यस संसारको प्रारम्भ (आदिकाल) अनमतोग्गयं अर्थात् अल्याख छ। यसको आदिकाललाई निर्धारित गर्न सकिंदैन। लोकको उत्पत्तिको विषय प्रज्ञा चक्षु, ध्यान चक्षु, धर्म चक्षु, समन्त चक्षु र बुद्ध चक्षु विहीन सामान्य ज्ञान भएका व्यक्तिहरुका लागि अत्यन्त कठीन र जटील हुने भएकोले संसारको उत्पत्तिको विषयमा चिन्तन गर्ने सामान्य व्यक्तिहरुलाई उन्माद र नैराश्य र चित्त विघात मात्र प्राप्त हुने सम्भावना भएकोले अचिन्त्य सूत्रमा संसार, लोक, चक्रवाल र ब्रम्हाण्डको प्रथम उत्पत्तिको विषय अचिन्तनीय भनिएको पाइन्छ।

बुद्ध धर्मका अनुसार कल्पहरुको उत्पत्ति र विनाशका क्रममा चक्रवालहरुको उत्पत्ति र विनाश हुँदा एउटा एउटा चक्रवालको अलग अलग उतपत्ति र विनाश हुने नभई लाखौं करोडौं चक्रवालहरुको उत्पत्ति र विनाश एकै साथ हुन्छन्। वुद्ध धर्मानुसार वस्तुतः यो संसारको उत्पत्ति, स्थिति र विनाशका प्रकृया प्रकृतिका ६ नियमहरु जस्तै पृथ्वीको नियम, आपोको नियम, तेजोको नियम, वायोको नियम, आकाशको नियम र मनोको नियम जस्ता ६ नियमहरु र वीज नियाम, उतु नियाम, कम्म नियाम, धम्म नियाम र चित्त नियाम जस्ता छ नियाम धर्महरुवाट सञ्चालित छन्, निर्देशित

छन् र नियन्त्रित छन् । अंगुत्तर पालि, सत्त निपातका अनुसार अग्निले कल्प नाश गर्दा पनि एक लाख कोटी चक्रवालहरु अर्थात् १० खरव चक्रवालहरु एकै साथ एकै पटक नाश हुन्छन् । बुद्ध धर्ममा भनिएको छ कि यस संसारमा अनन्त चक्रवालहरु छन् । अब ब्रम्हाण्ड सम्वन्धी आधुनिक विज्ञानको खोज र बुद्ध धर्मको ज्ञान सम्बन्धमा रहेको सामीप्यताको स्थिति विषयमा केही चर्चा गरौं ।

सूर्य बिना यस पृथ्वीमण्डलमा जीवनको सम्भावना नहुने तथ्यलाई थाहा पाएदेखि मानव जातिले परापूर्वकालदेखि नै सूर्यलाई देवताको रुपबाट पूजा आराधना गर्न शुरु गरेको पाइन्छ । कतिपय मानव जातिको धर्म र दर्शनले सूर्यदेवलाई नै यस संसारको श्रृष्टिकर्ता, परमपिता, परमेश्वर पनि मानिआएको देखिन्छ । चन्द्र, सूर्य र सूर्यलाई परिक्रमा गरिरहेका ग्रहहरुले पृथ्वीमण्डलमा रहेका मानव जातिको जीवनको सुख, दुःख, रोग व्याधि, भय उपद्रव, विघ्न बाधाहरुमा समेत प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने भूमिका निर्वाह गर्ने विश्वास राख्ने गणितीय ज्योतिष शास्त्र र फलित ज्योतिष शास्त्रको उदय पछि मानव जातिले सौर्यमण्डलमा रहेका नव ग्रहरुको पनि पूजा, अर्चना र आराधना समेत गरिआएको पाइन्छ । सूर्य, चन्द्र, जल, वायु, अग्नि आदि प्रकृतिलाई शक्ति मानी प्रकृतिलाई पूजा गर्ने विधिबाट नै शायद मानव जीवनको इतिहासमा धर्म र दर्शनको ऐतिहासिक शुरुवात भएको मानिन्छ । प्रकृति पूजालाई आफ्नो धर्म मान्ने मतका अनुयायीहरु विश्वमा आज पनि प्रशस्त पाइन्छन् । आर्यहरुको इतिहासमा पनि वैदिक कालदेखि नै प्रकृति र प्राकृतिक शक्तिहरुलाई पूजा, अर्चना र आराधना गर्ने परम्पराको विकास भइसकेको पाइन्छ । समयको साथ साथै कतिपय मानिसले चन्द्र, सूर्य, पृथ्वीलाई सृष्टिकर्ता नमानी यी प्रकृतिलाई पनि सिर्जना गर्ने, पालन गर्ने र संहार गर्ने प्रकृतिभन्दा माथिका देवताहरुको पूजा अर्चना र साधना गर्न थाले । कतिपय धर्म र दर्शनले चन्द्र, सूर्य, पृथ्वी, ग्रहादिदेखि यावत् दैवी एवं प्राकृतिक शक्तिहरु, प्राणीहरु, मानिसहरुलाई सिर्जना गर्ने संसारका अधिपति एकै ईश्वर हुन्, एकै सत्ता हुन भनी साकार वा निराकार रुपमा परमशक्तिवान्, परमपूज्य, परमेश्वरको दर्शन प्रतिपादन गरिआएको पाइन्छ । संसारभरिका मानिसहरु आ-आफ्ना बुद्धि र विवेक, आस्था र निष्ठा, श्रद्धा र भक्ति, आग्रह र आकर्षण, मूल्य र मान्यता, परम्परा र प्रचलन अनुसार अनेक थरीका वाद, मत, सिद्धान्तका अनुशरण र अनुकरण, अवलम्वन र अनुशीलन गर्दै आईरहेका छन् । स्वर्गको आकर्षण र नरकको भयले अनेक थरीका पूजा र अर्चना, साधना र अभ्यासमा आ-आफ्ना धर्म र दर्शनका मान्यता अनुरुप आ-आफ्ना जीवनलाई शुद्ध परिशुद्ध, विमल, निर्मल पार्न प्रयत्नशील रहिआएका छन् ।

अन्य धर्महरुका अनुसार यस संसारमा सत्व प्राणीहरुको निम्ति चार किसिमका लोकहरु छन् । (१) ईश्वर वा देवताहरुको लोक, (२) मनुष्यलोक, (३) पशुपंछीको लोक (४) पतीत पापीहरु रहने लोक । यसरी देवलोक, ब्रम्हलोक, स्वर्गलोक, मनुष्यलोक, पशुलोक र नरकलोक मिलेर यो संसार बनेको छ ।

स्थविरवादी परम्पराको बुद्ध धर्मका अनुसार सत्व प्राणीहरुका लागि यस संसारमा ३१ प्रकारका लोकहरु हुन्छन् । ती हुन् : (१) २० ब्रम्हलोकहरु, (२) ६ देवलोकहरु, (३) १ मनुष्य लोक र (४) ४ अपायलोकहरु अर्थात् असुरकाय, प्रेत, तिर्यक योनी र नरकलोकका प्राणीहरु रहने भूमिहरु । ३१ प्रकारका लोकहरु मिलेर बनेको एउटा एउटा संसारलाई बुद्ध धर्ममा एउटा एउटा चक्रवाल भनिन्छ । यस्ता चक्रवालहरु अन्तरीक्षभरिमा अनन्त छन् । बुद्ध धर्ममा चक्रवाललाई लोक धातु पनि भन्ने गरिन्छ ।

विशुद्ध श्रद्धावस यथाशक्य दान प्रदान गर्ने, त्याग तपस्या गर्ने, परोपकार र परसेवा गर्ने जस्ता कुशल काय कर्म, कुशल वचन कर्म र कुशल मनोकर्म पूर्ण गर्ने सत्वहरु र पञ्चशील, अष्टशील, दशशीलादि शील समादान जस्ता काय कुशल कर्म, वचन कुशल कर्म र मनोकुशल कर्म सम्पन्न गर्ने पुदगलहरु सामान्यतः मृत्युपछि आ-आफ्ना पुण्यका फलका मात्रा अनुसार

कुनै न कुनै कामावचर भूमिका सुगतिलोकहरु जस्तै : (१) चतुर्महाराजिक, (२) तावतिंस्स, (३) यामा, (४) तुपिता, (५) निम्मानरति र (६) पर निम्मित वसवित्त देवलोकहरुमा अक्सर पुनर्जन्म ग्रहण गर्दछन् । यस जन्ममा पाँच प्रकारका रुप ध्यानहरुलाई पूर्ण गर्ने सत्वहरु सामान्यतः मृत्युपछि ११ प्रकारका प्रथम, द्वितीय, तृतीय र चतुर्थ ध्यान भूमिका ब्रम्हलोकहरुमा उत्पन्न हुन्छन् । चार प्रकारका अरुप ध्यानहरु पूर्ण गर्ने पुद्गलहरु चार प्रकारका अरुप ब्रम्हलोकहरुमा उत्पन्न हुन्छन् । अनागामी मार्ग फल प्राप्त ब्रम्हाहरुका लागि ५ वटा ब्रम्हलोकहरु हुन्छन् । चतुर्थ ध्यानभूमिवाला दुई ब्रम्हलोकहरुको समूहमा नै शुद्धावास नामक ५ ब्रम्हलोकहरु पनि समाहित हुन्छन् ।

यस जुनीमा अकुशल कर्म गर्ने सत्वहरु सामान्यतः मृत्युपछि अक्सर ४ प्रकारका अपाय लोकहरु वा दुर्गति लोकहरुमा उत्पन्न हुन्छन् । बुद्ध धर्मका अनुसार एक एकवटा चन्द्र, सूर्य, पृथ्वी, ग्रहरु र नक्षत्रहरु सहितको हाम्रो यो सौर्य मण्डलको संसार अनेकौं चक्रवालहरुमध्येको एउटा चक्रवाल हो । यस्ता अनेकौं संसारहरु वा चक्रवालहरु अन्तरीक्षभरिमा अनन्त संख्यामा विद्यमान छन् ।

बुद्ध धर्मका अनुसार कम्तिमा पनि चार असंख्येय र एक लाख कल्पसम्म असंख्य जुनीमा असंख्य पारमिताहरु (पारमिता, उपपारमिता र परमार्थ पारमिताहरु) पूर्ण गरी लोकार्थ चर्या, ज्ञात्यार्थ चर्या र बुद्धार्थ चर्या धर्महरु सम्पूर्ण गरेपछि मात्र लाभ हुने सम्यक् सम्बुद्धत्वलाई प्राप्त गर्ने बोधिसत्वले अन्तिम पटक यस पृथ्वीमा माताको गर्भमा प्रतिसन्धि ग्रहण गर्दा र जन्म हुँदा पनि उहाँको अपरिमित पारमिता पुण्य बलको कारणले निस्कने देदीव्यमान प्रकाशको सहाराले कम्तिमा दश साहस्री अर्थात् दश हजार लोक धातुहरु कम्पित, प्रकम्पित र सम्प्रवेधित हुन्छन् । मज्झिम निकाय, उपपरिणासक खण्ड, शून्यतावर्ग, आश्चर्य अद्भूत सूत्रका अनुसार आजभन्दा २६३० वर्ष अघि शाक्यमुनि तथागत हुने शवेतकेतु बोधिसत्वले तुषित लोकबाट च्यूत भई नेपालको कपिलवस्तुमा आमा मायादेवीको कोखमा प्रवेश गर्नु हुँदा र माताको गर्भमा दश महिना बास गरिसकेपछि आज भन्दा २६२९ वर्ष अघि नेपालको लुम्बिनी उद्यानको शालवृक्षमुनि आमाको कोखबाट निस्की यस पृथ्वीमा मर्त्यमण्डलमा जन्म ग्रहण गर्नु हुँदा पनि उहाँको अपरिमित असंख्य पारमिता पुण्ड बलको कारण अपरिमित दर्दीव्यमान तेज प्रकाशित भएको थियो जुन दीव्य प्रकाशको सहाराले भगवान् बुद्धको जाति क्षेत्रका दश साहस्री (दश हजार) लोक धातु (ब्रम्हाण्डहरु) कम्पित, प्रकम्पित र सम्प्रवेधित भएका थिए । परमत्थ जोतिका नामक जातक अट्ठ कथामा आउने निदान कथा अनुसार बोधिसत्वले आमाको गर्भप्रवेश, बोधिसत्वको जन्मका साथै बुद्धत्व लाभका वेलामा दश हजार लोक धातुहरु कम्पित भएका थिए । स्थविरवादी बुद्ध धर्मानुसार तथागतको धर्म देशनाको प्रभाव पुग्न सकिने १ लाख कोटी चक्रवालहरु अर्थात् १० खरव चक्रवालहरुको क्षेत्रलाई आणाक्षेत्र चक्रवाल भनिन्छ । सो आणाक्षेत चक्रवाल भन्दा बाहिर रहेका अनन्त चक्रवालहरुलाई विषय क्षेत्र चक्रवाल भनिन्छ ।

महायानी परम्पराका ललितविस्तर सूत्रका अनुसार शाक्यमुनि बुद्धले माताको गर्भमा प्रवेश गर्नु हुँदा, लुम्बिनी उद्यानमा बोधिसत्वले माताको कोखबाट जन्म ग्रहण गर्नु हुँदा र भारतको सारनाथमा सर्वप्रथम धर्मचक्र प्रवर्तन पूर्व समाधि योग गर्नु हुँदा शाक्यमुनि बुद्धको तेज रश्मिबाट त्रिसाहस्र महासाहस्र लोक धातुहरु प्रभावित भएका थिए । बोधिसत्वको जन्म हुँदा र बुद्धले प्रथम पटक धर्मचक्र प्रवर्तन गर्नुपूर्व उहाँको शरीर बाट निस्केको देदीव्यमान रश्मिले त्रिसाहस्र महासाहस्र लोक धातुहरु जाज्वल्यमान हुने गरी प्रकाशित भएका थिए । ६ प्रकारले भूमि कम्प भएको थियो ।

बुद्ध धर्मका ग्रन्थहरुले अमूर्त भाववाचक शब्दावली (Abstract terminology) को साहारा नलिईकनै विश्व ब्रम्हाण्डको अन्तरीक्ष र कालको अनन्तताको आभास दिने अर्थ व्यक्त गरेका हुन्छन् । विश्व ब्रम्हाण्डको बौद्ध दृष्टिकोण मुताबिक एक सहस्र (एक हजार) सौर्यमण्डलको संसार मिलेर एउटा सानो

एक सहस्र लोक धातु ( = एक चूल सहस्री चक्रवाल) वन्दछ। यस्ता एक हजार साना सहस्र लोक धातुहरुको संसार मिलेपछि एउटा मध्यम साहस्र लोक धातु (=एक मज्झिम सहस्री चक्रवाल) हुन्छ। अनि एक हजार त्यस्ता मध्यम साहस्र लोक धातुहरुको संसार मिलेर एक महासाहस्र लोक धातु (=एक महासहस्री चक्रवाल) बन्दछ। चक्रवालहरुको अन्य विस्तृत विवरण अंगुत्तर निकायको टिकाको आनन्दवग्ग र डा. लेडि सयादोको नियाम दीपनीमा पनि पाइन्छ। भगवान बुद्धको शरीरबाट निस्केको रश्मिबाट त्रिसाहस्र महासाहस्र लोक धातुहरु प्रकाशित भएको प्रसंग ल्याई बुद्ध धर्ममा के संकेत गरिएको पाइन्छ भने आधुनिक अति दूरदर्शक यन्त्रहरु र उपग्रहहरुको भौतिक सहायता बेगर अन्तरमुखी भई प्रज्ञा चक्षु र ध्यान चक्षुले विश्व ब्रम्हाण्डको अवलोकन गर्ने प्राचीन बौद्ध साधकहरु र योगीहरुले आफ्नै ज्ञानबाट तीन हजार महासाहस्र लोक धातुहरु अर्थात् ३० खरब चक्रवालहरु (=लोक धातुहरु=संसारहरु) सम्मलाई गणना गरी देखेर छेदन भेदन गरी जानेका थिए। बुद्ध धर्मको मान्यता छ कि अन्तरीक्षमा यस्ता चक्रवालहरुको संख्या अनन्त रहेका छन्।

समयको अनन्ततालाई व्यक्त गर्न पनि बुद्ध धर्ममा गणितीय भाषाको प्रयोग भएको पाइन्छ। बुद्ध धर्मका शब्दार्थ संग्रह (The Seeker's Glossary of Buddhism) का अनुसार एक कल्पको समय भनेको पनि १ करोड ६८ लाख वर्षभन्दा कम हुँदैन। किनभने एउटा कल्पलाई पनि चार खण्डमा विभाजित गरिन्छ। (१) संसारको विनाश (प्रलय=सवर्त) (२) अन्धकारकाल (शून्यकाल), (३) संसारको उत्पत्ति (विवर्त) काल र (४) संसारको निरन्तरता काल। बौद्ध धारणा अनुसार यस्ता कल्पहरु पनि चूल, मध्यम, महान् र असंख्य कल्पका रुपमा विभाजित अनेक कल्पहरु हुन्छन्। यदि एक चूल कल्पको समयावधि १ करोड ६८ लाख वर्षहरु वरावर हुन्छ भने एक महान कल्पको समयावधि १ अरव ३४ करोड ७० लाख वर्ष भन्दा कम हुँदैन। बुद्ध धर्ममा कल्प सम्बन्धी भिन्न व्याख्यानका लागि डा. लेडि सयादोका पुस्तकहरु नियाम दीपनीहरुलाई हेर्न सकिन्छ। शाक्यमुनि बुद्धले चार असंख्येय र एक लाख कल्पसम्म अनन्त जुनीमा पारमिताहरु पूर्ण गरेपछि मात्र अन्तिम जीवनमा आएर सर्वज्ञता ज्ञान बुद्धत्व - सम्यक् सम्वुद्धत्व ज्ञान लाभ गर्नु भएको कुरा यहाँ प्रासंगिक हुन्छ। यसबाट बुद्ध धर्ममा संसारको अनन्तता, कालको अनन्तता र चक्रवालहरुको अनन्ततालाई कसरी अभिव्यक्त गरिंदा रहेछन् भन्ने तथ्य अववोध हुन्छ। अंगुत्तर पालि, सुत्त निपातका अनुसार अग्निले कल्पनाश गर्दा एक लाख कोटी चक्रवाल एकै पटक नाश हुन्छन्।

काल र संसार सम्बन्धी बौद्ध धारणाहरु आजका वैज्ञानिकहरुलाई उपलब्ध बाह्य यान्त्रिक साधनहरुकै बेगर नै आजभन्दा दुई हजार पच्चीसय वर्ष अघिका प्रज्ञा ज्ञानका साधक योगीहरु र ध्यानीहरुले आफ्नै प्रज्ञा ज्ञान र ध्यान चक्षुवाट देखी विश्व समक्ष प्रकट गरेका हुन् भन्ने कुरा सम्झंदा वैज्ञानिक ज्ञानको तुलनामा ज्ञान चक्षु, प्रज्ञा चक्षु र ध्यान चक्षुको महानता प्रकट हुन थाल्दछ।

आधुनिक विज्ञानको द्रुततर विकास हुनु अगाडिका प्राचीन् युग र मध्यकालीन युगका बुद्धिजीवीहरुका लागि आफूले स्वयं ध्यान ज्ञानको अभ्यास गरी उपयुक्त अभिज्ञा - आलोक - ज्ञान लाभ गरिसक्नुभन्दा अघि केवल आस्था, निष्ठा र श्रद्धाको भरमा ती प्राचीन धारणाहरुलाई मान्यता दिनु वा मनोमय चिन्तन, साहित्यिक अभिव्यक्ति वा प्रतिकात्मक भाषाको वर्णन हो भनी ग्रहण गर्नुवाहेक अन्य विकल्प शायद थिएन। किन्तु आजका विज्ञान र प्रविधि युगका वुद्धिजीवीहरु त्यसरी विवश हुनुपर्ने स्थिति छैन। विज्ञानले आज वैज्ञानिक अध्ययनकै आधारमा काल, अन्तरीक्ष र व्रम्हाण्डका वारेमा धेरै तथ्यहरु मानव सामु ल्याइसकेका छन्।

अव हामी एक क्षण आधुनिक विज्ञानको नजर वाट विश्वलाई हेरौं। गणित शास्त्र, कम्प्यूटर विज्ञान, खगोल शास्त्र, सूचना प्रविधि विज्ञान र अन्तरीक्ष विज्ञान

जस्ता विज्ञानका क्षेत्रमा भएको द्रुततर विकासले गर्दा अन्तरीक्ष, आकाश र कालको विषयमा बढ्दो रुपमा नयाँ नयाँ ढंगलको उत्तरोत्तर अध्ययन र अनुसन्धान गर्न सकिने साधन र अवस्था उपलब्ध हुन थालेबाट आज मानव ज्ञान राशीमा निरन्तर वृद्धि भइरहेको हुँदा आज समय र दूरीमाथिको मानिसको अधिकार र नियन्त्रण नित्य बढ्दो छ। स्थूल र सूक्ष्म, आन्तरिक र बाह्य शक्तिमाथिको मानिसको ज्ञान र पहुँच फैलिंदो छ। अन्तरीक्ष, आकाश र कालको खोजी बढ्दो मात्रामा जारी नै छ । आजको मानिस एक पृथ्वी, एक सौर्यमण्डल र एक ज्योतिर्मण्डल विषयको ज्ञानमा मात्र सीमित परिमित छैन। बल्कि यस विश्व ब्रम्हाण्डमा सयौं, हजारौं लाखौं, अल्याखौं ज्योतिर्मण्डलहरु विद्यमान छन् भन्ने कुराको ज्ञान र आभास आजको वैज्ञानिकलाई छ। एक पछि एक गर्दै अनेक थरीका रकेट, स्याटेलाइट र अन्तरीक्ष यानहरुको प्रक्षेपण गर्दै ती आधुनिक यानहरुमा जडित अत्याधुनिक शक्तिशाली दूरदर्शनका सम्वेदनशील यान्त्रिक साधनहरुको सहयोग लिई आजका वैज्ञानिकहरु विश्व ब्रम्हाण्ड र अन्तरीक्षको नयाँ नयाँ सूचनाहरु, जानकारीहरु र अनुमानहरुको संकलन गर्दैछन् ।

पृथ्वीमा रहने साधारण मानिसहरुका सामु प्राचीन कालदेखि आकार, तापक्रम, प्रकाश र विकीरण शक्ति आदिको आधारमा विशाल भीमकाय रुपमा देखिने सूर्य वास्तवमा एउटा सामान्य तारा बाहेक केही होइन भन्ने कुराको विज्ञानले धेरै वर्ष अघि नै सिद्ध गरिसकेको छ । आकाशमा देखिने कतिपय ताराहरु सूर्यभन्दा कैयन् गुना ठूला र उज्याला छन् । सूर्य पृथ्वीको नजिकै रहेकोले मात्र हामीलाई ठूलो देखिएको हो ।

मानिसको मांस चक्षुले यान्त्रिक साधनको सहायता विना एक पटकमा ३ हजार जति ताराहरुभन्दा बढी देख्न सक्तैन । सन् १६०९ मा ग्यालिलियोले पहिलो दूरवीन बनाएपछि सौर्यमण्डलका किनारामा रहेका ग्रह पनि चिन्न सकिने भयो। दूरवीन उद्योगमा भएको विकासको कारण आजकल साधारण दूरदर्शक यन्त्र टेलिस्कोपको सहायताबाट पनि १ लाख ताराहरुसम्म पनि देख्न सकिने भएको छ । ज्योतिषहरु लाखौ ताराहरुको मद्दत लिन्छन् आफ्ना कामका लागि। सयुंक्त राज्य अमेरिकाको क्यालिफोर्नियामा पालोमार वेधशाला केन्द्रमा राखिएको शक्तिशाली टेलिस्कोपबाट दुई हजार करोडसम्म पनि ताराहरुलाई ठम्याउन सकिने भएको छ । अन्तरीक्ष दूरवीनका प्रणेता डा. लाइमन स्पिचर नामक नवप्रतिभाशाली वैज्ञानिकले दोश्रो विश्व युद्धपछि नै रकेटहरुको सहायताबाट अन्तरीक्षमा दूरबीन पठाई खगोल सम्वन्धी बढी रोचक जानकारीहरु हासिल गर्न सक्ने महशूस गरी त्यसको विकासको लागि वहस र प्रयास गर्न थाले । सन् १९८५ मा अन्तरीक्ष दूरवीन निर्माण गर्ने कार्य शुरु पनि भयो । तर सन् १९८६ को च्यालेन्जर यानको दूर्घटनाले अन्तरीक्ष सम्बन्धी सम्पूर्ण काम पछि पर्न गयो । किन्तु खगोलविद् डा. लाइमन स्पिचरको अथक परिश्रमको कारण सन् २००० को मई महीनामा १६ तारीखका दिन पृथ्वीबाट अन्तरीक्षमा रहने दूरबीनको प्रक्षेपण भएरै छाड्यो । करीव ११ हजार किलोग्राम वजन भएको झण्डै यात्रुवाहक बस जत्तिकै ठुलो यस दूरवीनलाई एड्वीन हब्बल नामक खगोलविद्को सम्मानमा हब्बल अन्तरक्षि दूरवीन भनी नामाकरण गरिएको थियो । यस हब्बल अन्तरीक्ष दूरवीनले झण्डै झण्डै हाम्रो ब्रम्हाण्डको पुछारसम्म देख्न सकिने भएको छ। यसरी शक्तिशाली दूरवीनहरुको प्रयोग गरी आज विज्ञानले सिद्ध गरेको छ कि एक सौर्य मण्डल जुन ज्योतिर्मण्डललाई केन्द्रविन्दु मानी परिक्रमा गरिरहेको छ त्यसलाई मिल्की वे (Milky Way) भनिन्छ । यस्ता ज्योतिर्मण्डलहरुले अन्तरीक्ष भरिएको छ । विश्व ब्रम्हाण्डमा लाखौ करोडौं (Millions of galaxies) यस्ता ज्योतिर्मण्डलहरु विद्यमान छन् भन्ने तथ्य आज विज्ञानले पनि पत्ता लगाईसकेको छ। यसरी आजको खगोलशास्त्र काल र आकाश अर्थात् अन्तरक्षिको महान् स्केलमा पुगी संसारको अध्ययन गर्ने कार्यमा लागेको छ। विज्ञानले अझ के पनि पत्ता लगाएको छ भने विश्व ब्रम्हाण्डको संसार स्थीर होइन, गतिशील छ र निरन्तर फैलिरहेको (Expanding) छ ।

(हेर्नोस् : दि टाओ अफ फिजिक्स, गतिशील विश्व परिच्छेद ।)

भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा नेपाली भाषामा अनुदित मूल लेखक ऊ.अ.माउँको पुस्तक "बुद्ध र बुद्धवाद" प्रथम भागको "अनात्मवाद" खण्ड अन्तर्गत उपखण्ड (ग) अनात्मवाद र आधुनिक प्रज्ञाविद्हरुको दृष्टि" नामक परिच्छेदमा "गाइड टु मोडर्न ठट" नामक सि.इ.एम. जोड (Guide to Modern Thought by C.E. M. Joad) को पुस्तकमा उद्धृत गरिएको महान वैज्ञानिक जेम्स जीन (James Jean) को अनन्त लोकधातु चक्रवाल सम्बन्धी विचारलाई यहाँ प्रस्तुत गर्नु बहुत प्रासंगिक हुनेछ ।

"अनन्त विशाल र व्यापक रहेको लोकधातु चक्रवालसित तुलना गर्दा मानिसहरुको पृथ्वी मेरुपर्वत बयरको दाना जस्तै केही पनि प्रकट नभएको चीज हो । महान् वैज्ञानिक जेम्स जीनको विचार अनुसार एक सेकण्डलाई ७ भागमा विभाजन गरी त्यसको एक अंश रहेको समयभित्र पृथ्वीलाई एक चक्कर काट्न सक्ने प्रकाशले लोक धातु चक्रवाललाई एक चक्कर काटी हिंडन ११ लाख वर्ष लाग्ने छ । चक्रवालभित्र रहेका नक्षत्र ताराहरुको संख्या एक अरबलाई २० लाखले गुणन गरी त्यो लब्धाङ्कलाई फेरि एक अरबले गुणन गरेर प्राप्त लब्धाङ्कसि बराबर हुन्छ । अर्को शब्दमा भनौं भने विश्वका सम्पुर्ण समुद्र तटमा रहेका बालुवाकण समूहको संख्यासित बराबर हुन्छ । मानिसहरुको पृथ्वी त्यति प्रमाणमा वढी भएका नक्षत्र ताराहरुमध्येमा सम्मिलित एक अंग हो ।"

अंगुत्तर निकाय (चितुक्क निपात, रोहितस्स देवपुत्र सम्बन्धी सूत्र) मा लोकको अनन्तता सम्बन्धी एउटा रोचक प्रश्नोत्तरको प्रसंग उल्लेख भएको पाइन्छ । एकासमयमा पूर्वजन्ममा रोहितस्स नाउँको अत्यन्त अद्धिमान, आकाशगामी पुरुष भएर जन्मिंदा पूर्व समुद्रदेखि पश्चिम समुद्रसम्म पुग्न सकिने गरी विशाल कदम भएका ती महान ऋद्धिमान ऋषिपुत्रले हिंडेरै लोकको अन्त्यसम्म पुग्न सक्छु कि भनी १०० वर्षका आयुसम्म निरन्तर हिंडिरहदा पनि लोकको अन्त्य फेला पार्न नसकी बीच बाटोमै मृत्यु भएर देवपुत्र भनी जन्म हुन पुगेको रहेछ । ती रोहितस्स देवपुत्रले भगवान् बुद्धलाई जेतवानाराम विहारमा आई के हिंडेर लोकको अन्तसम्म पुग्न सकिन्छ भनी प्रश्न सोधे । सो प्रश्नको जवाफमा भगवान बुद्धले लोकको अनन्ततातर्फ संकेत गर्दै आज्ञा भएको थियो कि "जहाँ न जन्म हुन्छ, न जाति हुन्छ, न मृत्यु हुन्छ न च्यूति हुन्छ तथा न उत्पत्ति नै हुन्छ, गमन गरेर लोक (संसार) को त्यस अन्तसम्म पुग्न सकिन्छ, त्यस (अन्त) लाई देख्न सकिन्छ वा त्यसलाई प्राप्त गर्न सकिन्छ भनी म भन्दिन ।"

"किन्तु आयुष्मान π म यो पनि भन्दिंन कि संसारको अन्तसम्म नपुगीकनै दु:खको नाश हुन्छ । आयुष्मान् π यही साढे तीत हातभरको लम्वा संज्ञायुक्त शरीरमा नै म लोक (संसार) को प्रज्ञप्ति गर्दछु, लोक समुदायको, लोक निरोधको र लोक निरोधतिर लैजानेवाला मार्गको प्रज्ञप्ति गर्दछु ।"

उपयुक्त प्रश्नोत्तरबाट लोकको अनन्तताको प्रष्ट झलक मिल्दछ । भगवान् बुद्धले लोकको उत्पत्ति विषयको चिन्ता अविचार्य भएको कारणले रोहतिस्स देवपुत्रलाई पनि लोकको अन्तलाई प्राप्त गर्ने बारेमा प्रज्ञायुक्त दार्शनिक उत्तर दिनु भएको कुरो प्रष्ट हुन्छ ।

आधुनिक विज्ञानको द्रुततर विकासको फलस्वरुप आज जापान जस्तो मुलुकका वैज्ञानिकहरु ई.सन् २०४० सम्ममा अन्तरीक्षमा उपग्रहमा नै एउटा ठुलो सौर्य उर्जा केन्द्र स्थापना गरी त्यसवाट प्रति सेकेण्ड उत्पादित १० लाख किलोवाटका दरले सौर्य उर्जा पृथ्वीमा उतार्ने तयारीमा जुट्न लागेका देखिन्छन् भने संयुक्त राज्य अमेरिकाको म्यासाच्यूसेट्समा शोधकर्ताहरु यस्तो टेलिस्कोपको निर्माण कार्यमा जुटेका छन् जुन टेलिस्कोपले अन्तरीक्षमा रहेका ग्रहहरु र आकाशगंगाहरुको मात्र छानवीन गर्ने छैन, त्यस दूरवीनले पृथ्वीवाहेक अन्तरीक्षमा कहाँ कस्ता जीवन छन् र के कस्ता विकसित सभ्यता छन् भन्ने पनि खोजी गर्ने छ । आजका वैज्ञानिकहरु चन्द्रमा र

मंगलग्रहमा मानव वस्ती बसाउने योजनामा संलग्न रहन थालेका छन् । साथै चन्द्रमा, मंगलग्रह, बृहस्पतिग्रह, शनिग्रहका अलावा अन्य ग्रह उपग्रहरुमा विद्यमान बहुमूल्य खनिज सम्पदालाई कसरी प्रयोगमा ल्याउने भन्ने प्रतिस्पर्धामा आज पश्चिमेली वैज्ञानिकहरु संलग्न हुन थालिसकेका छन् र अन्तरीक्षलाई आयको श्रोत बनाउने तर्खमा छन् ।

हुन त आजसम्म पनि खगोलविद्हरुले अन्तरीक्षमा रहेका ब्रम्हाण्डहरुको संख्याको यकिन गरी गणना गर्न सकेको पाईदैन । तथापि अन्तरीक्षमै आवश्यक उर्जा उत्पादन गरी प्रयोग गर्न सकिने उत्तरोत्तर रुपमा नयाँ नयाँ किसिमका अत्याधुनिक विकसित राकेटहरु, स्याटेलाइटहरु र अन्तरीक्ष यानहरुको विकास गर्न थालेपछि ती यानहरु र ती यानहरुमा जडित अधिक से अधिक शक्तिशाली दूरबीनहरुको सहयोगले भविष्यमा वैज्ञानिकहरुले विश्व ब्रम्हाण्डको बारेमा अझ बढी रोचक जानकारीहरु हासिल गर्न नसक्ला भनी मान्न सकिन्न । यसरी बुद्ध धर्ममा उल्लेखित त्रिसाहस्र महासाहस्र लोक धातुहरु र अनन्त चक्रवालको बौद्ध धारणालाई अब विज्ञानले वैज्ञानिक अध्ययनबाट नै सिद्ध गर्न समय निकट आउन लागेको प्रतीत हुन्छ । यसबाट बुद्ध धर्मको ज्ञान आधुनिक विज्ञान र प्रविधिको आज सम्मको ज्ञान र जानकारी भन्दा अझै पनि निकै अगाडि रहेको प्रष्ट हुन्छ ।

अस्तु ।


साङ्गाधेन छोयखोरलिङ गुम्बाद्वारा आयोजित

धर्मचक्र प्रवर्तन दिवस तथा

२२औं पोखरा उपत्यकाव्यापी बुद्ध पूजा

पूर्ण रुपले सफल होस् ।



दायक सभा — ज्ञानमाला संघ

बौद्ध उपासिका संघ — युवा बौद्ध संघ

धर्मशीला बुद्ध विहार, पोखरा

# विश्वको सबैभन्दा ठूलो चैत्य बोरोबुदूर

रत्नसुन्दर शाक्य

दक्षिण पूर्व एशियाको एक देश हो इण्डोनेशिया, जहाँको थुप्रै टापूहरु मध्ये एक सुप्रसिद्ध टापु हो जावा - जसलाई पहिले 'यवद्वीप' पनि भनिन्थ्यो । यस टापुको केदु मैदान (जावाको मध्ये भाग - केन्द्रिय) पूर्वी एशियाको प्राचीन अवशेष मध्ये सबैभन्दा महत्वपूर्ण एवं भव्य चैत्य हो - बोरोबुदूर ।

ऐतिहासिक कथनानुसार यस बोरोबुदूर महाचैत्यका निर्माण ईश्वी ७५० देखि ८५० को अवधि भित्रमा ८० वर्ष लगाई (जाबा एवं सुमात्रा) का प्रतापी शैलेन्द्र वंशीय शासनकालमा भएको राजा समरवंथगले नेपालको विख्यात शिल्पकार गुणधर्मलाई निम्त्याएको थियो । उहाँको नेतृत्वमा जावा पुगेका नेपाली कलाकार हरुले यस महाचैत्यको निर्माण पूर्ण गरेका थिए ।

स्मरणीय छ, यो कार्य (महाचैत्य निर्माण) १३औं शताब्दीका अन्य नेपाली सुविख्यात कलाकार जसलाई नेपालले राष्ट्रिय विभूति मानिसकेको छ - अरनिकोले नेपाली कलाकारहरुको नेतृत्व गरी तिब्बत र चीन पुगी ती दुबै देशमा थुप्रै मूर्ति, चैत्य (चीनको पेकिङ्गमा श्वैतचैत्य निर्माण - सन् १२७१-७९) आदि बनाई त्यही सम्मानित जीवन विताउनु भएको समयभन्दा ४०० वर्ष भन्दा अगाडिको कुरा हो ।

नेपाली कलाकार गुणधर्मले 'बोरोवुदूर महाचैत्य' निर्माण गरेको तथ्य भारतीय विद्वान श्री हरिनन्दन ठाकुरले पनि स्पष्ट उल्लेख गर्नु भएको छ । उहाँले संसारको बिभिन्न मुलुकहरुको यात्रा गरेपश्चात लेख्नुभएको आफ्नो पुस्तक 'धरतीके चारों ओर' मा यस वारे उल्लेख गर्नु भएको थियो ।

यस्तै इण्डोनेशियालीहरुले पनि बोरोवुदूर महाचैत्यको पश्चिम तर्फवाट देखिने मेनोरेह (Memoreh) पर्वतमा नेपाली शिल्पकार गुणधर्मको जीवन स्मरण अझसम्म पनि देख्न सकिने जनविश्वास गरिराखेको छ । इण्डोनेशियालीहरुले बोरोवुदूर महाचैत्यका शिल्पकार एवं रुपकार हुनुभएका नेपाली कलाकार गुणधर्ममा दैवीशक्ति नै रहेको कुरा त्यहाँ किंवदन्तीको रुपमा पनि प्रचार भइरहेको वर्णन छ ।

'बोरोवुदूर' को अर्थ इण्डोनेशियाको भाषामा बुझ्ने हो भने 'बुदूर' शब्दको अर्थ जंगल अथवा वन, र 'बोरो' शब्दको अर्थ 'विहार' शब्दको अप्रभंशको रुपमा रहन आएको अनुरुप 'वनमा प्रतिष्ठित विहार' को रुपमा लिइएको छ ।

यस्तै 'बोरोबुदूर' शब्द भारतीय विद्वान हरि नन्दन ठाकुरको कथनानुसार 'बोरो' शब्द ठूलो अथवा महान र 'बुदूर' बुद्धको अप्रभंशको रुपमा हुन सक्ने संभावना अनुरुप 'बोरोबुदूर' श्रेष्ठ् एवं महान बुद्ध हुन सक्ने धारणा राख्नु भएको छ ।

यस 'बोरोबुदूर महाचैत्य' ले लगभग ४१० फीट वर्गाकार भूभाग ओगटेको छ त यसको उचाई १२० फीट रहेको छ । भारतको साँची स्तूपको भन्दा केही उचाइको स्थितिमा निर्माण गरिएको यस महाचैत्यमा चारै दिशामा तलको ४ तल्लामा ९२/९२ वटामा चौथो तल्लामा ६४ एवं माथिको गोलाकार ३ तल्लामा वनाइएका ३२, २४ र १६ वटा स्तूपहरुको भित्र पनि अवस्थित मूर्तिहरु लगायत केन्द्रीय ठूलो स्तूपमा समेत गरी जम्मा बुद्ध मूर्तिहरुको संख्या ५०५ वटा रहेको छ ।

यस बोरोबुदूर महाचैत्य - ८ फीटदेखि १२.५ फीट सम्म उचाइ रहेको चतुष्कोणको ६ तल्ला र ५/६ फीट उचाइ रहेको गोलाकारको ३ तल्ला पश्चात् मध्यभागमा वा शिखरमा २३ फीट उचाई र ३० फीट चौडाइ रहेको एक ठूलो स्तूप निर्माण गरी बनाइएको छ ।

स्मरणीय छ, यस महाचैत्यको सवभन्दा तलको चतुष्कोण घेरा (चक्कर) ४०० फीटको छ र सवभन्दा माथिको (१६ वटा स्तूपले घेरिएको) गोलाकार घेरा ९० फीटको छ । माथिल्लो ३ तल्लामा वनाइएका प्रत्येक स्तूपहरु (तलका ९३ तल्लामा चतुष्कोण इंटाकार)

जालीदार रुपमा बनाईएबाट त्यसभित्र अवस्थित बुद्ध मूर्तिहरु सजिलैसित हेर्न र छुन सकिने स्थितिमा बनाइएको थियो ।

यस महाचैत्यको शिखरमा निर्मित वा स्तूप अन्य स-साना स्तूपहरु जस्तै जालिदार नबनाइकन पुरै बन्द गरिएको थियो । अनुसन्धानबाट थाहा हुन आएको छ कि यस शिखरको स्तूपलाई लुटेराहरुले बिगारी त्यहाँ भित्र रहेको बुद्ध-मूर्तिलाई निकाली त्यसको गर्भमा अपार धनराशी पाउने आशाले लापर्वाही गरिएको थियो ।

हामीलाई सर्वप्रथम 'नेपाली कलाकार गुणधर्म र बोरोबुदूर' को बारेमा परिचय दिनुभएका व्यक्ति स्वयम्भूलाल श्रेष्ठ (ने.सं. १०५१-११०७) ले उक्त शिर्षकमा लेखिएको आफ्नो लेखमा उहाँले सो बोरोबुदूर महाचैत्यको शिखरको स्तूपमा अवस्थित बुद्ध मूर्तिलाई बाहिर ल्याइएको र सो मूर्ति बोरोबुदूर महाचैत्यको आसपासमा स्थित कुनै एक पीपलको रुखमुनि राखिएको कुरा उल्लेख गर्नु भएको छ ।

बोरोबुदूर महाचैत्यको चतुष्कोणको प्रत्येक तल्लामा कुंदिएका कलाकृति, जुन बुद्धको जीवनी, जातक कथा, कर्म विभंग (विपाक) आदिको वर्णन अनुरुप चित्रित गरिराखेको दृश्यको संख्या १४६० वटा थियो । प्रत्येक तल्लाको चारैतिर चारैद्वारहरु थिए - जुन नेपाली शैलीमै रहेको कुरा प्रत्यक्षदर्शी नेपालीहरुले नै गरिराखेका छन् ।

यस प्रकार भव्यरुपमा निर्माण गरिएको 'बोरोबुदूर महाचैत्य' पनि केही शताब्दी पश्चात् (आफ्नो शान गुमाई) विस्मृत अवस्थामा रहनुपरेको थियो । यसको मूल कारण सामुद्रिक टापुका कारण अनगिन्ती भूकम्पको झट्का र विशेषत: मेरापि ज्वालामुखी (Merapi Volcano) को विष्फोटबाट निस्किएको लाभाबाट सारा चैत्यस्थल पुरिएको थियो । स्थानीय जनताहरु पनि सो एरिया छोडी जावाको पूर्वीभागमा बसोबास गर्न जान बाध्य भए । बोरोबुदूर महाचैत्यको वरपर जताततै झारपातले पुरिंदै गए र अन्य प्राकृति प्रकोप (हुरी बतास एवं वर्षा) ले महास्तूप माटो र बालुवाले पनि पुरिंदै गएबाट महाचैत्य विनाश एवं विस्मृत हुनमा थप टेवा पुग्न गयो ।

शैलेन्द्र राजवंशको समुन्नत अवस्थामा निर्माण गरिएको यस महास्तूप शैलेन्द्र वंशको पतन (१३ औं शताब्दिको अन्ततिर) पश्चात् महास्तूपको पनि पतन हुँदै गएको मान्न सकिन्छ। यस्तै झन् १५ औं शताब्दीको उत्तरार्द्धदेखि जावामा हिन्दू पश्चात मुस्लिम (सुल्तान) हरुको प्रभुत्व हुन गएको कारण बोरोबुदूर महाचैत्यको बेवास्ता हुनु स्वाभाविकै भयो ।

यस जावा टापूलाई सन् १६१९ देखि हलैण्ड (डच) ले आफ्नो उपनिवेश कायम गरिएको थियो । झण्डै दुइसय वर्ष पश्चात् सन् १८११ देखि केही वर्षको निमित्त (सन् १८१६) सम्म सो उपनिवेश अंग्रेजको हुन गएको थियो । यसै अवधिभित्रमा सन् १८१४ मा तत्कालिन जावाका अंग्रेज गभर्नर सर थोमस स्टाय्मफोर्ड राफल्स (Sir Thomas Stamford Ratfles) ले 'बोरोबुदूर महाचैत्य' पत्ता लगाई यसको पुनर्निर्माणको निमित्त आफ्ना एक अधिकृत इन्जिनियर लेफ्टिनेन्ट कर्नेटियस (Lieftenant Cornetius) लाई सो स्थानको सर्वेक्षण गर्न पठाए । ले. कर्नेटियसले बोरोबुदूर महाचैत्यको प्रशस्त तस्वीर समेत राखी वैज्ञानिक तवरबाट विवरण प्रस्तुत गरे ।

सन् १८१६ देखि पुन: डचहरुकै उपनिवेश कायम भएको जावामा यद्यपि सर थोमस स्टयामफोर्डको आग्रहमा पटक पटक बोरोबुदूर महाचैत्यको पुनर्निमाण गर्ने परियोजना बनाइएको थियो । तर कार्यान्वयन कहिल्यै भएन बरु महास्तूपको तलको प्रत्येक तल्ला, जहाँ ६.५ फीटको चौडाई रहेको थियो । जहाँ बाँसको झुपडी बनाउने इजाजत दिएर झन् विग्रहको स्थिति सृजना गरिएको थियो । चोरहरुले पनि स्तूपमुनि धन पाइएला कि भन्ने आशाले थुप्रै स्तूपहरु बिगारी खाडल बनाउँदै लगे ।

बल्ल, सन् १९०७ मा एक युवा डच इन्जिनियर थियोडोर भान राप (Theodoor Van Erp) ले बोरोबुदूर महाचैत्यको पहिलोपटक कष्टपूर्ण रुपमा पुननिर्माण कार्य शुरु गरे । उहाँले ४ वर्षको अवधि (सन् १९०७-११) भित्रमा बोरोबुदूर महाचैत्यको सुन्दर तालाई पुन: एक पटक संसार सामू ल्याइदिए ।

सन् १९६० देखि इण्डोनेशिया सरकारले 'वोरोबुदूर महाचैत्य' मानव सभ्यताको नै एक अमूल्य निधि रहेको कारण दशाई यसको संरक्षण विश्वव्यापी रुपमा गर्न सहयोगको अपिल गरे जस अनूरुप युनेस्कोको तर्फबाट पनि यसको मर्मत एवं संरक्षणको निमित्त ठूलो मद्दत गऱ्यो साथै अन्तर्राष्ट्रिय स्तरमा 'वोरोबुदूर महाचैत्य' संरक्षण समिति तयार गरिए ।

यस प्रकार संसार सामु पुनः एकपटक बोरोबुदूर महाचैत्यको वैभव प्रस्तुत हुन आएबाट नेपाली कलाकार गुणधर्म र उहाँका कलाकार मित्रहरुको पनि स्मरण हुन आएको छ । प्रत्येक नेपालीलाई लिच्छवी कालीन आफ्नो कलाकौशलको नमूना विदेशमा समेत प्रचारित गरेकोमा गुणधर्म र उहाँका मित्रहरु प्रति नतमष्तक तुल्याउने स्वाभाविकै भयो । यस प्रकार इण्डोनेशिया र नेपालको सम्बन्ध १३ सय वर्ष अगाडि देखि रहेको कुरा स्मरण गर्न पाउँदा जोसुकै नेपाली पनि गौरवान्वित नहुने कुरै छैन ।

**सन्दर्भ :**


१) स्वयम्भूलाल श्रेष्ठया ल्यया च्वखँ - लोक साहित्य परिषद्, ने.सं. ११०६

२) बौद्ध संस्कृति - राहुल साँस्कृत्यायन, आधुनिक पुस्तक भवन, १९५३

३) The Himalayan Voice (हिमाली आवाज) - Vol. II, No. 3 (Aug/Sept. 2998

४) National Geographic - January, 2883



साङगाधेन छोयखोरलिङ गुम्बाद्वारा आयोजित

**धर्मचक्र प्रवर्तन दिवस तथा**

**२२औं पोखरा उपत्यकाव्यापी बुद्ध पूजा**

**पूर्ण रुपले सफल होस् ।**



**विश्वशान्ति स्तूप समिति**

मन थुम्की, अनदु, कास्की, पोखरा

# दिवंगत भिक्षु सुभद्रप्रति श्रद्धाञ्जली

(श्रद्धेय भिक्षु सुभद्र महास्थविर २०६२ साल जेष्ठ ५ गतेका दिन धर्मशीला बुद्ध विहार, पोखरामा १०२ वर्षको उमेरमा दिवंगत हुनुभयो। अहिले हामीसँग उहाँका स्मरणहरु मात्र बाँकी छन्। यस अघि २०६१ साल माघ २६ गते उहाँको १०१ औं शुभ जन्मोत्सवमा धर्मचक्षुले विशेषांक प्रकाशित गरेको थियो। जसमा उहाँका समकालीन साथीहरुदेखि धेरैले लेख रचना लेखेर उहाँलाई शुभकामना दिनु भएको थियो। ती लेख मध्ये विश्व शाक्यले लेख्नु भएको लेख र धर्मचक्षुको सम्पादकीय श्रद्धाञ्जली स्वरुप यहाँ उद्धृत गरिएको छ - सम्पादक)

## भगवान बुद्धको गाथा र सुभद्र भन्तेको १०१ वर्ष

**विश्व शाक्य**

*"जाति पि दुख्खा, जरा पि दुख्खा मरणं पि दुख्खं, सोक परिदेव दुक्ख दोमनस्सु माया सापि दुक्खा, अप्पियो हि सम्पयोगो पि दुक्खो, पि हि दुक्ख योगो दुक्खो, यम्पिहं न लभति तँ पि दुख्खा, सङ्तिेन पञ्चुपादानक्खन्धा दुक्खा।" दीघनिकाय*

*(जन्मनु दुःख, बूढो हुनु दुःख, मरण दुःख, रुनु कराउनु शोक गर्नु दुःख, असन्तोषी हुनु दुःख, प्रियजनको बिछोड दुःख, अप्रियजनको संयोग दुःख, इच्छ्याएको वस्तुहरुको अप्राप्ती दुःख, समष्टिगतरुपा भन्नुपर्दा पञ्च स्कन्ध नै दुःख हो।)*

उपरोक्त गाथा दुःख आर्य सत्यमा भगवान गौतम बुद्धले दुःख के हो ? भन्ने बारे बुझाउन बताउनु भएको हो। दुःखको सिलसिला जन्मबाट हुन्छ, यो ध्रुव सत्य हो। यदि प्राणी विशेष गरी मान्छे जन्म लिन नपर्नेहो भने दुःखको सिलसिला पनि स्वभाविक रुपमा हट्ने हुन्छ। जन्मै नभए पछि दुःख कहाँबाट आइ लाग्नु ? जब जन्म हुन्छ भने चाहेर पनि नचाहेर पनि दुःख त आइलाग्यो लाग्यो। दुःखबाट कोही पनि पार लाग्न सक्तैन। दुःखलाई अनुभव गरेर त्यसको प्रभावबाट मुक्ति पाउन सकिन्छ तर दुःखबाट मुक्ति पाउन कसैले पनि सक्तैन सिवाय अर्हन्त व्यक्तिहरु। त्यसैले भगवान गौतम बुद्धले दुःख के हो भन्नेबारे बताउनु हुँदा जन्मलाई सबैभन्दा अग्रस्थान दिनु भएको छ। वास्तवमै जन्म दुःखदायी छ। एउटा शिशु आमाको गर्भबाट जन्मन्छ। उ एकाएक नयाँ परिवेश र वातावरणमा आउँछ। नयाँ परिवेश र वातावरण वारे उसलाई केही थाहा हुँदैन। फेरी पनि उ बाँच्नै पर्ने हुन्छ। हाड र मासुको एउटा डल्लो उ अर्काको सहाराको भरमा बाच्नु पर्छ। अर्काको सहारामा बाँच्नु सारै कठीनकर हुन्छ। एउटा नवजात शिशुले यो अनुभव र अनुभूति वताउन सक्तैन तर यही अवस्थामा अर्काको सहाराको भरमा उठ्ने बस्ने, खाने, दिशा पिशाब गर्नुपर्ने असक्त रोगी वा अति जीर्ण बुढो उमेरको व्यक्तिले यी कुराको अनुभूति गर्न सक्छ तर असहाय हुन्छ। आफ्नो कारणबाट आफूलाई दुःख पीडा त छँदैछ तर अरुलाई पनि दुःख पुग्न गैरहेको थाहा पाउँछ। तर शारीरिक अशक्तताका कारण उसले आफूले चाहेर केही गर्न सक्तैन। उ अर्काको सहारामा बाँच्नै पर्ने बाध्यता आउँछ। शारीरिक असक्तता र अती बुढ्यौली जीर्ण शरीर लिएर बाँचेको मान्छे कसैको हात चल्दैन, कसैको खुट्टा चल्दैन, कसैले आँखाले देख्दैन कसैले कानले सुन्दैन, कसैले स्मरण शक्ति हराउँछ। जब शरीर जीर्ण हुन्छ, हुने नहुने अनेक हुन्छ। यो अवस्था बाँच्नेहरुका लागि वास्तवमै दुःखदायी हुन्छ, पीडादायी हुन्छ जब सहारा दिनेहरुबाट अलिकति तलमाथि हुने हुन्छ। त्यसैले पनि भगवान गौतम बुद्धले भन्नुभयो - जन्मनु दुःख हो, बूढो हुनु दुःख हो, मरण दुःख हो ..... आदि आदि .....। गौतम बुद्ध स्वयम् बुद्धत्व प्राप्ती भन्दा अगाडि युवराज छँदा कपिलवस्तुको नगरमा नगर परिक्रममा निस्कँदा एकजना जीर्ण वृद्ध मान्छेलाई देखेर तरङ्गित हुनुभयो। सोच्न थाल्नु भयो मानिस बुढो किन हुन्छ ? यो जीर्ण असक्त शरीर लिएर बूढो भइन्जेल माछे किन बाँच्छन् ? किन दुःख पाउँछन् ? यसको मुक्तिको उपाय के हुन सक्छ ? यही बूढ्यौलीको

अशक्तताको पीडाले सिद्धार्थ गौतमलाई "बुद्ध" बनायो । जब उनी "वृद्ध" भए तब दुःख सत्यको कुरा गर्दा उनले शुरुमै भने जन्मसँग सँगै बूढो हुनु, बूढो (अशक्त) भइन्जेल बाँचिरहनु पनि दुःख हो ।

माथि भनिएका प्रसंगहरु जन्मनु र बुढो हुनुसँगको दुःखको साइनो बारे स्वयम् भगवान गौतम बुद्धले अभिव्यक्त गर्नु भएको गाथाको संक्षिप्त चर्चा हुन् । यसै प्रसंगसंग पंक्तिकारले सुभद्र भन्तेको एक शताब्दी एक अर्थात १०१ औं जन्मोत्सवलाई गाँस्ने प्रयास गरेको छ ।

सुभद्र भन्ते (हामी बुढो भन्ते भन्छौं) आगामी कृष्ण चतुर्दशी अर्थात् माघ २६ गतेबाट १०० वर्ष पुरा गरी १०१औं वर्षमा प्रवेश गर्दै हुनुहुन्छ । सुभद्र भन्ते ४५ वर्षको परिपक्व वयस्क भैसक्नु हुँदा माघ कृष्णपक्ष द्वादशी अर्थात बुढो भन्ते (सुभद्र) भन्दा २ दिन गआडी यस पंक्तिकारको जन्म भएको थियो । त्यसैले अरुलाई सुभद्र भन्तेको जन्मदिन स्मरण हुन्छ हुँदैन पंक्तिकार यसै भन्न सक्तैन तर पंक्तिकारलाई सँधै स्मरण भैरहने हुन्छ कि भने तिथिले पंक्तिकारको जन्मदिन पछि तेस्रो दिन भन्तेको जन्मदिन पर्ने हुन्छ ।

सुभद्र भनतेको ९१औं जन्मोत्सवको अवसर मा यस पंक्तिकारको सम्पादनमा सुभद्र भन्तेको संक्षिप्त चिनारीको रुपमा एउटा पुस्तिका निकाल्ने सौभाग्य जुरेको थियो । उक्त पुस्तिकाका सहलेखकहरु श्री छविलाल पौडेल, श्री सूर्यप्रसाद लम्साल, श्री टीकाराम लम्साल र श्री तोयनाथ (सानो) लम्साल हुनुहुन्थ्यो । ९१औं जन्मोत्सवको अवसरमा निकालिएको उपरोक्त पुस्तिकाको नाम "९१ वर्षका युवा भिक्षु सुभद्र" भनेर राखिएको थियो । पुस्तिकाको शीर्षकबाटै सुभद्र भन्तेको जागरुकता र कृयाशीलताको आंकलन गर्न सकिन्छ । उहाँ ९१ वर्षको हुनुहुँदा सम्म पनि पूर्ण स्वावलम्वी, आत्मनिर्भर र एक आदर्श भिक्षु हुनुहुन्थ्यो । हुन त उहाँ अहिले पनि आदर्श नै हुनुहुन्छ । भन्नुको आशय के हो भने उहाँ त्यो पाको उमेरमा पनि धर्म प्रति जागरुक, जिज्ञासु र कृयाशील हुनुहुन्थ्यो । त्यसैले उहाँलाई "९१ वर्षका युवा भिक्षु" भन्ने संज्ञा दिइएको थियो । उहाँ उतिखेर प्रायः भन्ने गर्नुहुन्थ्यो - "खै ! हात हेर्नेले तपाई त ११० वर्ष बाँच्नु हुन्छ भन्थे अब मर्ने बाँच्ने भन्ने कुरा आफ्नो हातको भएन । काल नआएसम्म त बाँचिएला नि ।" काल नआएसम्म मरिंदो रहेनछ के रे" भनेर उहाँ गाला चाउरी पार्दै ढुक्कसँग हास्नु हुन्थ्यो । भन्दा नभन्दै त्यो एक दशक वितेर भन्ते १०१ वर्षको हुनुभयो, त्यो कुरा भएको हिजो जस्तै लाग्छ ।

बूढो भन्ते ९३ वर्षको हुनुहुँदा नराम्ररी विरामी पर्नु भयो । उतिखेरबाट उहाँको मानसिक सोंचमा पनि केही परिवर्तन आएको अनुभव भयो । ९१औं वर्षसम्म उहाँ निर्धक्क हुनुहुन्थ्यो । ७५ औं वर्षमा उहाँले बुद्धधर्ममा प्रवज्या लिनु भएको थियो । ८०/८२ वर्षसम्मको उमेरमा उहाँ विहान घाचोकबाट (५/७ कोशबाट) हिंडेर धर्मशीला बुद्ध विहार पोखरामा बुद्धपूजालाई भेट्टाउन आइपुग्नु हुन्थ्यो । ९१औं वर्ष सम्म मरणलाई खासै महत्व दिनु हुन्नथ्यो । ९३ वर्षको विमारी पछि उहाँले आफ्ना इष्ट मित्र, नातेदार, साथीभाई सबै गैसकेको र आफूपनि अब त्यही बाटो लाग्नु पर्ने बताउनु थाल्नु भयो । सो सोंच पछि उहाँको शारीरिक तथा मानसिक उर्जा स्वाभाविक रुपमा घटन थालेको अनुभव उहाँका वरपरकाहरुले गर्न थाले । उहाँको बार बार हुने अभिव्यक्तिले पनि यो कुराको प्रत्यक्ष अप्रत्यक्ष पुष्टि गरिरहन्थ्यो । उहाँ ९५/९६ वर्ष पुग्नु भएपछिका उहाँका अभिव्यक्तिमा प्रायः उहाँ भन्ने गर्नुहुन्थ्यो - "के गर्नु ? आँखाले देख्दिन, कानले सुन्दिन । दिएको खायो, काल पर्थ्यो बस्यो । नखाई न बाँच्न नै सकिंदो रहेछ, न मर्न नै सकिंदो रहेछ । मर्नलाई पनि खानै पर्ने रहेछ । काल नआइ मरिंदो रहेन छ ।"

सुभद्र भन्तेका उपरोक्त भनाईहरु सुन्दामा साधारण लाग्ने, ठट्टाना भनिएका जस्ता लाग्ने भएतापनि यो भनाई भित्र उनको बाँच्नुको बाध्यता मात्र होइन बाँच्नु भित्रको एउटा पीडा स्पष्ट झल्किन्थ्यो । ९८ औं वर्षपछि यता उहाँले आँखाले नदेख्नु मात्र होइन कानले पनि सुन्न छोड्नु भयो । एक त आँखाले नदेख्नु अर्को कानले नसुन्नु यो अवस्था उहाँ आफै र उहाँमाथि उठेका सहाराका हातहरुलाई पनि अप्ठेरो नै भयो । जेहोस् शारीरिक रुपमा सुभद्र भन्ते अशक्त हुनुभए पनि चेतसिक रुपमा उहाँ अद्यावधि स्वस्थ हुनुहुन्छ ।

यो अवस्थामा उहाँमा मात्र होइन उहाँप्रतिको सहयोगी हातहरुलाई पनि पीडा छ भन्ने उहाँलाई राम्ररी थाहा छ फेरी पनि उहाँ पीडा मुक्त हुनुहुन्छ। यही नै सन्त साधुहरुमा हुनुपर्ने लक्षण हो । सुभद्र भन्ते माघ २६ गते एक शताब्दी वर्ष काटेर १०१ औं वर्षमा प्रवेश गर्दै हुनुहुन्छ। एक शताब्दी वर्ष बाच्नु भनेको ठट्टाको विषय होइन । त्यस माथि पनि अर्काको सहारामा बाँच्नुपर्ने जीर्ण बूढ्यौली शरीर फेरि पनि सचेततापूर्वक संवेगपूर्वक बाँच्नु सानो कुरा होइन । सुभद्र भन्तेको १०१ औं वर्ष कष्टरहित, दुःखरहित त अवश्य पनि होइन फेरि पनि जसरी अघिल्ला वर्षहरु दुःख सहित भएर पनि खुःखबाट अप्रभावित भएर बिते यो वर्ष पनि दुःखहरु, पीडाहरु अप्रभावित रहुन् । बूढो भन्तेलाई सहारा दिने हातहरु, मनहरु विचलित नबनुन्। पंक्तिकार को अन्तर हृदयदेखिको मङ्गल कामना छ ।

२०६१ माघ १६ गत

# भिक्षु शुभद्रको सुख, सुस्वास्थ्य र चिरायुको कामना

गत वर्ष हामीले श्रद्धेय भिक्षु सुभद्र महास्थविर को शताब्दीऔं जन्मोत्सव मनाएका थियौं। यस पटक आज २०६१ माघ २६ गते उहाँको १०१ औं जन्मोत्सव मनाउँदैछौं। यो जन्मोत्सवको अवसरमा हामीले फेरि एक पटक श्रद्धेय भिक्षुका सम्वन्धमा चर्चा गर्ने जमर्को गरेका छौं ।

श्रद्धेय भिक्षुको सय वर्ष भन्दा लामो जीवनलाई फर्केर हेर्दा हामी विभिन्न घुम्तीहरु देख्छौं। ती घुम्तीहरु पार गर्दै उहाँ के कसरी बौद्ध भिक्षु हुनुभयो, भिक्षु हुनु भएपछि उहाँले बौद्ध शील सदाचार के कसरी पालना गर्नु भयो र के कस्तो शान्तिको अनुभव गर्नुभयो, त्यो ज्यादै रोचक र महत्वपूर्ण विषय हो ।

एकजना जिमुवाल मुखियाका उत्तराधिकारी भै कास्की जिल्लाको घाचोकमा जन्मनु भएका उहाँको गृहस्थी नाम जयलाल लंसार हो । उहाँले हिन्दू धर्म अनुसार बिरासत देखि गर्दै आएको पुरेत्याँई गर्नुभयो । गुरु सन्यासीहरुको सत्संगत गर्नुभयो । चार धामको चार पटक भन्दा बढी तीर्थ यात्रा गर्नुभयो । माछापुच्छ्रे हिमालको फेदीमा गएर तपस्या गर्नुभयो। तथापि उहाँले चाहनु भएको अपेक्षित शान्ति पाउनु भएन ।

सामाजिक सेवामा लाग्नु भयो । गाउँघरमा विद्यालय खोल्नुभयो , पुल पुलेसा, खानेपानी लगायतका व्यवस्था गर्नुभयो। सामाजिक सुधार गर्न अनेक प्रयास गर्नुभयो । राजनीतिमा लागेर प्रजातन्त्रको लागि मार मेट्नु भयो । खद्दरको कछाड र भोटो लगाएर हिड्न भयो । सादा जीवन उच्च विचारको जुन आदर्श छ, त्यसको अनुशरण गर्नुभयो । तैपनि उहाँ सन्तुष्ट हुनु सक्नु भएन। उहाँले बुद्ध धर्मका किताबहरु पढ्नु भयो। भिक्षु अमृतानन्द र अनगारिका धर्मशीला गुरुमाको समीपमा रहेर बुद्धधर्मको अध्ययन गर्नुभयो । बुद्ध धर्मको जति अध्ययन गर्नुभयो, उति केही पाएको प्रतीत भयो र पहिलो पटक आफूले वास्तविक मार्ग ठम्याएको उहाँलाई अनुभूति भयो । ७२ वर्षको उमेर मा उहाँले बाल्यावस्थादेखि आफूले लगाएको जनैको औचित्य नभएको महशुस गरी परित्याग गर्नुभयो । बौद्ध उपासक बन्नुभयो। व्यवहारमा बुद्ध धर्मलाई परीक्षण गरी हेर्नुभयो र ७५ वर्षको उमेरमा बौद्ध भिक्षु बन्नुभयो।

बौद्ध भिक्षु बनेदेखि उहाँले भित्रै मनदेखि शील र सदाचारको पालना गरीरहनु भएको छ । उहाँले आफ्नो जन्मस्थल घाचोकमा माछापुच्छ्रे बुद्ध विहार बनाउनु भयो । धर्म प्रचारका लागि देशका विभिन्न भागमा जानु भयो। दुर्गम र अनकन्टार ठाउँमा पुगेर पनि उहाले धर्म प्रचार गर्नुभयो। उहाँले ध्यानमा बढी जोड दिनु हुन्छ र ध्यानमा नै डुब्नु हुन्छ । कसैलाई दुःख दिने र दोष दिने गर्नुहुन्न । क्रोध, लोभ, मोह र अहंकार जस्ता मारहरुलाई उहाँले जित्नु भएको छ । उहाँले निर्दोष र निष्कलंक जीवनयापन गर्नुभएको छ र बुद्धधर्ममा श्रोतापन्न, अनागामी, सकृदागामी र अर्हत भन्ने जुन तहहरु छन् ती मध्ये कुनै कुनै तहमा उहाँ पुग्नु भएको अनुमान गरिएको छ । वास्तवमा उहाँ विलक्षण स्वभावका हुनुहुन्छ। सिद्ध प्राप्त व्यक्ति हुनुहुन्छ । दुर्लभ हुनुहुन्छ । यस्तो व्यक्तिको १०१ औं जन्मोत्सव मनाउन पाउनु हाम्रो सौभाग्य हो । हामी उहाँको सुख, सुस्वास्थ्य र चिरायुको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

का.जि.द.नं. : ३३ ०५३ ०५४ - हु.द.नं. :०१ ०५९ ०५९


साङगाधेन छोयखोरलिङ गोम्बा

पृथ्वीचोकद्वारा आयोजित यस वर्षको

## धर्मचक्र प्रवर्तन दिवस

तथा

२२औं पोखरा उपत्यकाव्यापी 'बुद्ध पूजा'

को

पूर्ण सफलताको लागि हार्दिक मङ्गलमय

शुभकामना व्यक्त गर्दछौं ।

**जातक टूर्स एण्ड ट्राभल्स प्रा.लि.**

मानभवन, ललितपुर ।